मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति" को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष १ • अंक ३४७ • २०८० साल कार्तिक १७ गते शुक्रबार • Friday 03, November 2023 • सूर्योदय: बिहान ६:१६ बजे • सूर्यास्त: साँझ ५:२१ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

# 'मधेश प्रदेश तीन वर्षभित्र उदाहरणीय बनाउँछु'



*संघीयताको जननी प्रदेशको रुपमा पहिचान पाएको मधेशमा प्रादेशिक सरकारको उपस्थिति जनताले अनुभूति गर्न नसकेको सर्वत्र चर्चा चलिरहेको बेला शान्तिसुरक्षा र मधेशको समग्र विकासको विषयमा मुख्यमन्त्री सरोज कुमार यादवले मधेशदृष्टिका सुरेश यादवसँग गरेको कुराकानीः*

**सर्वोत्कृष्ट सभामुख तपाईं मुख्यमन्त्री भएपछि किन कमजोर हुनुभयो ?**
सभामुखभन्दा पनि राम्रो काम गर्ने मुख्यमन्त्री म नै हुनेछु । केही समस्या छ । मुख्यमन्त्री हुँदा तत्कालीन आर्थिक वर्षको आधा समय अर्थात् ६ महिना बितिसकेको थियो । र, त्यो अवधिमा जम्मा सात प्रतिशत बजेट खर्च भएको अवस्था थियो । बाँकी अवधिमा पनि काम गर्न हामीले चाहेअनुसार बजेट विनियोजन गरिएकै थिएन । जसोतसो आर्थिक वर्ष चल्यो । चालु आर्थिक वर्षमा तीनमहिना ढिलो असोजमा हामीले अख्तियारी पाएका छौँ । काम गर्न पाएको एकमहिना पनि भएको छैन । तर, हामीले मधेशमा मात्रै होइन सिंगो मुलुकमा अर्थात् अन्य प्रदेशमा पनि उदाहरणको रुपमा नाम चल्ने गरी काम गर्दैछौँ । हामीले गरेको कामले मधेशका जनतालाई विकासको अनुभूति हुने र अन्य प्रदेशले सिकाइ उपलब्धी प्राप्त गर्ने हाम्रो ठहर छ ।

**त्यस्तो के काम गर्दैछ र मधेश सरकारले ?**
मधेश सरकारले अब वडा र पालिकाबाट सम्पादन हुने टुक्रे योजनामा अल्झिने काम गर्दैन । चालु आर्थिक वर्षका लागि बजेट ल्याउने तयारीको क्रममा मैले सबै मन्त्रीलाई ५० लाख रुपैयाँभन्दा कम लागतको योजना बजेटमा नराख्न अनुरोध गरेको थिएँ । एमालेसँगको गठबन्धन भत्केर भर्खर नेपाली कांग्रेस र माओवादीसँग नयाँ गठबन्धनको सरकार बनिरहेको अवस्थामा अनेक कारणले एकपटक फेरि साना योजना आए । तर, पनि दश लाखभन्दा कम लागतको योजना मधेश सरकारको बजेटमा छैन । जबकी संघीय सरकारले पनि दुई लाखका योजना कार्यान्वयन गरिरहेको देख्न सकिन्छ ।

**यो योजनाले जनतामा प्रदेश सरकारको अनुभूति गराउन के भूमिका खेल्छ ?**
योजना नै हो सरकारको रुप कस्तो छ भन्ने देखाउने । हामीले मधेश प्रदेशको कायापलट गर्ने सोचका साथ अघि बढेका छौँ । वडा कार्यालय र पालिकाले गर्नेजस्तै स–साना योजनामा अल्झिएर हुनेवाला छैन । हामीले प्रत्येक वर्ष के नयाँ गर्यौं, त्यसको लेखाजोखा तपाईंहरुले गर्दिनुपर्छ । गलतको विरोध र राम्रो गरे थप राम्रो गर्न प्रोत्साहन दिनुस् भन्ने हाम्रो अपेक्षा हो ।

**योजनामा राम्रो भन्नुभयो, त्यस्तो के राम्रो गर्दै हुनुहुन्छ त ?**
सबभन्दा पहिला जुनसुकै पार्टीका भए पनि कार्यकर्तालाई दुई रुपैयाँ लाभ हुनेगरी योजना बनाउने र बजेट बाँड्ने काम गर्ने हो भने न विकास देखाउन सकिन्छ न सुशासन कायम गर्न सकिन्छ । यसर्थ, सकेसम्म उपभोक्ता समितिभन्दा टेन्डर प्रक्रियामा गएर काम गर्न सक्नुपर्छ भन्ने हाम्रो मान्यता हो । यसपालि कानुनले एक करोड र सोभन्दा माथिको बजेटमा मात्र टेन्डर गर्ने व्यवस्था गरे पनि हामीले व्यवहारिक रुपमा ५० लाखभन्दा माथि बजेट भएका योजनालाई टेन्डर प्रक्रियामा र सानालाई उपभोक्ता समिति भनिए पनि नाममात्रको उपभोक्ता होइन, वास्तविक उपभोक्ता मध्येबाट समिति बनाएर कार्यान्वयन गर्ने र सोको जिम्मेवारी सम्बन्धित मन्त्रीलाई लिनुपर्ने प्रावधान ल्याएका छौँ । यसले काम प्रभावकारी हुन्छ भने सुशासनको ग्यारेन्टी हुनसक्छ ।

**टेन्डर भने पनि कार्यान्वयन असारमै पुगेपछि के सुशासन हुन्छ ?**
एकदमै सान्दर्भिक कुरा गर्नुभयो । एक महिनाजति भयो हामीले अख्तियारी पाएको । अबको एक हप्ताभित्र टेन्डर प्रक्रिया सुरु गरिसक्ने र टेन्डरको काम सकिएलगत्तै उपभोक्ता समितिमार्फत हुने काम पनि सुरु गरी वैशाखभित्रै काम सक्ने हाम्रो नीति र योजना छ । सुशासन कायम भएन भने बजेट खर्च गर्नुको पनि अर्थ हुँदैन भन्ने मलाई थाहा छ । त्यसैले एकदमै समयमा काम हुन्छ, तपाईंलाई विश्वास दिलाउन चाहन्छु ।

**तपाईंले नेतृत्व गरेको सरकारको प्रमुख प्राथमिकता के के हुन् ?**
पहिलो प्राथमिकताः प्रदेश सरकारको गौरवका योजनालाई निरन्तरता दिने हो । जस्तो कृषि विश्वविद्यालय राजविराज, मधेश विश्वविद्यालय वीरगंज र मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान जनकपुरधामलाई पूर्णरुपमा सम्पन्न गरी सञ्चालन गर्ने हो । यी योजना अहिले सानै योजनाजस्तो देखिए पनि पूरै सञ्चालनमा आइसकेपछि लगानी गरिरहनुपर्दैन बरु प्रदेश सरकारको लागि आम्दानीकै स्रोत पनि हुन्छ र प्रदेश विकासका लागि प्रमुख आधारको रुपमा स्थापित हुन्छ ।

दोस्रो प्राथमिकताः कृषि प्रधान देशभित्र यो मधेश प्रदेश हो । यहाँ सिँचाईको समस्या त छँदैछ । यसवर्ष खानेपानीको समस्या पनि देखियो । खानेपानीको भरपर्दो व्यवस्था गरिसकेपछि सिंगो मधेशको कृषिलाई उच्चतम् लाभ लिने गरी सिँचाईको व्यवस्था गर्नुपर्ने छ ।

तेस्रो प्राथमिकताः मधेश प्रदेशको शैक्षिक अवस्था दयनीय छ । मधेशमा काम गर्ने कानुनको पनि अभाव छ । तपाईंलाई एउटा इन्ट्रेस्टिङ कुरा सुनाउँदैछु । नेपालको तराई–मधेशमा पर्ने जिल्लामा १३ लाख विद्यार्थी छ र पहाडमा १४ लाख विद्यार्थी । मधेशका १३ लाख विद्यार्थीलाई पढाउन २६ हजार शिक्षक छन् र पहाडका १४ लाख विद्यार्थीका लागि ८० हजार शिक्षक । बजेटको कुरा गर्ने हो भने मधेशमा ५३ प्रतिशत जनसंख्यामा जम्मा १३ प्रतिशत बजेट दिएको छ । तर, यसमा हामी अल्झिनुहुन्न । हामीले काम गर्नुपर्छ र यसका लागि स्पष्ट योजना बनाएर अघि बढिरहेका छौँ ।

चौथो प्राथमिकताः पर्यटनको क्षेत्रमा पनि धेरै काम गर्नुछ । म त दुई देखि तीन वर्षमा मधेश प्रदेशको मुहार नै फेर्छु । अन्य ६ वटै प्रदेशको तुलनामा मधेशलाई अगाडि पुर्याउनेगरी मैले काम गरिरहेको छु । यसका लागि शिक्षा, कृषि, पर्यटनको क्षेत्रमा धेरै काम गर्नुपर्नेछ ।
पाँचौँ प्राथमिकताः प्रदेश सरकारले ६४ वटै निर्वाचन क्षेत्रमा पाँच किलोमिटरको दरले सडक कालोपत्रे गर्ने योजना अघि सारेको थियो । त्यो अगामी फागुनसम्म सम्पन्न गर्दैछौँ । अर्को वर्ष थप पाँच किलोमिटरको दरले ३ सय २० किलोमिटर नयाँ सडक बनाउने योजना ल्याउँदैछौँ ।

**धेरै काम गर्ने कुरा गर्नुभयो, चुनौती के छ मधेश प्रदेशलाई ?**
पहिलो चुनौती त शान्तिसुरक्षामै हो । मैले प्रतिनिधित्व गर्ने बारामै एक महिनामा तीनवटा हत्या भयो । खुला बोर्डरले शान्तिसुरक्षामा ठूलो चुनौती थपेको छ । फेरि हामी प्रदेश सरकारसँग न प्रहरी छ न प्रशासन । मैले अस्ति नै प्रधानमन्त्रीजीसँग भेटेर भनेकोछु, 'मधेश सरकारलाई प्रहरी दिनुस्, एउटा पनि अपराध हुन नदिने ग्यारेन्टी लिन्छौँ ।'

**हो, प्रधानमन्त्रीजीसँग तपाईंले गम्भीर कुरा गर्नुभयो भन्ने सुनिदैँछ, के के कुरा भयो ?**
मैले मुख्यरुपमा प्रहरी समायोजनकै कुरा उठाएको छु । मधेशमा अपराध धेरै बढ्यो र तस्करी पनि । यी दुवै विषयमा प्रभावकारी काम गर्न प्रदेश सरकारको मातहतमा प्रहरी आउन जरुरी छ । यसका लागि सबभन्दा पहिले प्रहरी समायोजन गर्नुस् भनेको छु । उहाँले एक हप्ताभित्रै गर्दिन्छु भन्नुभएको छ ।

**प्रधानमन्त्रीले भनेको कुरामा विश्वास लाग्छ त तपाईंलाई ?**
हुन्छ होला । मलाई लाग्छ दुई तीन दिनभित्रै हुन्छ होला ।

**प्रधानमन्त्रीसँग अरु के के कुरा गर्नुभयो ?**
मैले त कानुनको कुरामा बढी जोड दिएको छु । संघीय सरकारले प्रदेशका लागि ३२ वटा कानुन बनाएर दिनुपर्ने हो । ६ वर्ष बितिसक्दा एउटै कानुन दिनसकेको छैन । मैले भनेको छु, प्रहरी समायोजन गर्दिनुस्, कर्मचारी समायोजन गर्दिनुस् र चाहिएको कानुन बनाइदिनुस् अरु प्रदेशले के गर्छ त्यो भन्न सक्दिनँ तर मधेश प्रदेशले उत्कृष्ट काम गरेर देखाइदिन्छ भनेको छु । यति काम गरिदिए जनतालाई शान्तिसुरक्षाको पूर्ण प्रत्याभूति दिलाउने जिम्मेवारी हाम्रो हो ।

**प्रदेश सरकारले लोकसेवा आयोग गठन गर्यो, काम के भइरहेको छ ?**
काम गरिरहेको छ लोकसेवा आयोगले । ७५–८० जना कर्मचारी भर्ना भएका छन् र करिब साढे दुई सय कर्मचारी बढुवा भएका छन् । प्रक्रिया अगाडि बढेको छ । लोकसेवा आयोगले काम गरिरहेको छ ।

**जनलोकपाल आयोगले के गरिरहेको छ ?**
जनलोकपाल आयोग गठन गर्न हामीले हतार गर्यौं जस्तो भयो । हाम्रो प्रहरी नै छैन अनि जनलोकपाल आयोगले कसरी काम गर्छ ? अख्तियार दुरुपयोग अनुसन्धान आयोगसँग यसकारण भ्रष्टाचारी डराउँछन् कि उसले पक्राउ गरी थुनामा हाल्दिन्छ । तर, जनलोकपाल आयोगसँग किन डराउने ? कानुन बनाउँदा हामीले जे सोच्यौँ त्यो ठिक थियो तर तुरुन्तै आयोग गठन गरिहाल्नुपर्ने थिएन ।

**अब जनलोकपाल आयोग विघटन हुन्छ त ?**
विघटन गर्नुपर्ने हो । तर, तुरुन्तै विघटन भयो भने भ्रष्टाचारीलाई प्रश्रय दिन विघटन गरेको आरोप लाग्न सक्छ । हाम्रो आफ्नै प्रहरी, प्रशासन नभएसम्मका लागि यसलाई विघटन गर्नुपर्छ जस्तो मलाई लाग्छ । यसका लागि सबै दलसँग साझा सहमति गर्न पहल गरिरहेको छु । किनभने आयोग गठन गरेर मात्र हुँदैन, प्रभावकारी कार्यान्वयन गर्नसक्नुपर्छ र भ्रष्टाचार रोक्न सक्नुपर्छ । यो हुन्छ तर थोरै समय लाग्छ ।

**आधा दर्जन दलको सहकार्यमा बनेको सरकारको नेतृत्व सम्हाल्दै हुनुहुन्छ, कति सहज भइरहेको छ ?**
यसले मलाई कुनै फरक परेको छैन । म स्वार्थ बोकेर काम गर्ने हो भने एक्लो दलको सरकारमा पनि समस्या आउँछ । तर, स्वार्थलाई त्यागेर काम गर्नुछ भने आधा दर्जन मात्र होइन, दुई दर्जन दलसँग मिलेर काम गर्न पनि कुनै समस्या छैन । किनभने मलाई कुन दलले समर्थन दिने र लिने भन्ने विषयमा कुनै चिन्ता र सरोकार छैन । म गलत गर्दिनँ, लोभ गर्दिनँ र गलत गर्ने जुनसुकै दलका मन्त्री वा कर्मचारी पनि छोड्दिनँ । म जनताका लागि र संघीयताका लागि इमान्दारीपूर्वक काम गर्छु । योबाहेक केही थाहा छैन ।

## संसदमा के भने मधेशका तीन शीर्षनेताले ?

### 'देश टाइटानिक जहाज झैँ डुब्दैछ'


डा. सिके राउत, सांसद एवम् अध्यक्ष, जनमत पार्टी

नेपाल टाइटानिक जहाज डुबेजस्तै डुबिराखेको छ । देश डुबिराखेको संसदको कामबारबाहीले पनि देखाइरहेको छ । म जनतासँग क्षमा माग्न चाहन्छु र भन्न चाहन्छु, यो देश टाइटानिक डुबेजस्तै डुबिराखेको छ । यो डुबाउने अरु कोही होइन, यसका चालकहरु नै हुन् । कर्मचारी र नेता बाँचे पनि जनता भने डुबिरहेका छन् । जसले विदेशी इन्सुरेन्सको पैसा आउँछ भनेर यो देशलाई डुबाइरहेका छन् । उनीहरु आफूलाई जोगाइराखेका छन् । कर्मचारी र नेताहरुले बोट सुरक्षित राखिसकेका छन्, जनता डुब्ने तरखरमा छन् । तपाईंहरु कसरी बच्नुहुन्छ आफ्नो जोहो आफैँ गर्नुस् । संसदको सार्वभौम सत्ता जनप्रतिनिधिमा नभइ प्रमुख तीन पार्टीका तीन नेताको हातमा रहेको छ ।
जनकपुरमा मारिएकी आरती शाह प्रकरणको विषय संसदमा निरन्तर आवाज उठेको तर सुनुवाइ नभएको हो । विगत करिब दुई महिनादेखि धर्नामा बसेर आरतीकी आमा, बुवा, बहिनी र भाईलगायतकाहरु न्यायका लागि माइतीघरमा बसेर न्याय खोजिरहे पनि उनीहरुले अहिलेसम्म पनि न्यायको प्रत्याभूति नपाउनु विडम्बना हो ।

### सत्ता बाहिरको पीडा संसद अवरोध ?


सांसद एवम् अध्यक्ष, नेकपा एस

सत्ताबाट बाहिर हुँदाको पीडा सदन अवरोध गरेर मात्रै हुँदैन । सरकारले गरेको राम्रो कामलाई राम्रो भन्न सक्नुपर्छ । सरकारलाई मात्रै दोष दिएर हुँदैन । प्रतिपक्षले पनि आफूभित्रको कमजोरी हेर्नुपर्छ । सत्ताबाट हट्नुपर्ने पीडालाई सदन अवरोध गरेर सरकारलाई असहयोग गर्ने काम गलत हो । सरकारले गरेका सकरात्मक परिवर्तनको समर्थन र नकरात्मक कामको विरोध गर्दै प्रतिपक्षको रचनात्मक सहयोग मुलुक निर्माणका लागि अपरिहार्य छ । संसदमा पीडा पोखेर, धारे हात लगाएर सदन अवरोध गरेर मात्रै हुँदैन । जनताको आवाजलाई प्रष्फुटित गर्न प्रतिबद्ध हुनु पर्छ । अहिले मुलुकमा देखिएका समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण समेत गराउँछु ।

### संघीयता खारेजीको डर


उपेन्द्र यादव, सांसद एवम् अध्यक्ष, जसपा नेपाल

सत्तारूढ दलहरूले नै सङ्घीयता खारेज गर्छन् कि भन्ने आशङ्का बढेको छ । अहिलेसम्म सङ्घीय निजामति ऐन र प्रहरी समायोजन ऐन ल्याइएको छैन । यसमा सत्तारूढ दलहरूले जिम्मेवार छन् र समयमा काम नगरेर कतै उनीहरु नै सङ्घीयता खारेज पो गर्दैछन् कि जस्तो देखिएको छ । प्रदेशलाई अधिकार, कानुन र काम गर्ने आवश्यक जनशक्ति नदिँदा सङ्घीय लोकतान्त्रिक गणतन्त्र कसरी टिक्छ भन्ने देखिएको छ । आउँदा दिनमा लामो समयसम्म संसद् अवरुद्ध हुने र संसदमा विधेयक नल्याउने प्रवृत्तिको अन्त्य नभए अरु समस्या हुने देखिन्छ ।

## नेपालले बिजोर र भारतले जोर नम्बरका सीमास्तम्भ मर्मत गर्ने



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सशस्त्र प्रहरी बल नेपालले मधेश प्रदेशका आठवटै जिल्लास्थित नेपाल–भारत दशगजा क्षेत्रका सीमास्तम्भ पुनःनिर्माण, मर्मत सम्भार र पुनःस्थापना सुरु गरेको छ । मुखियापट्टी मुसहरनिया गाउँपालिका–६ जटही नाकानजिकका सीमास्तम्भ नम्बर २८५÷४ बाट मर्मतसम्भार सुरु गरिएको हो ।
सशस्त्र प्रहरी बल नेपाल नम्बर २ छिन्नमस्ता बाहिनी मुख्यालय बर्दिबासका प्रमुख, सशस्त्र प्रहरी नायब महानिरीक्षक दीपेन्द्र शाहका अनुसार, प्रदेशका आठ जिल्लामा रहेका चार हजारभन्दा बढी स्तम्भमध्ये पहिलो चरणमा नेपाल पक्षबाट बिजोर नम्बरका एक हजारभन्दा बढी सीमास्तम्भ आवश्यकतानुसार पुनःनिर्माण, मर्मतसम्भार र पुनः स्थापनाको काम हुने छ ।
'२०७७ साउन १९ गते मन्त्रिपरिषद् बैठकले गरेको

*बाँकी पृष्ठ २ मा*




रुपेशलाई न्याय देऊः बारा, कलैयामा सोमबार गोली प्रहारबाट हत्या गरिएका 'रुपेश स्वर्णकारलाई न्याय देऊ' भन्दै कलैयामा बिहीबार साँझ मैनबत्ती बालेर गरिएको विरोध प्रदर्शन । तस्बिरः साजिर मन्सुर

# छठमा सिर्सिया स्वच्छ राख्न छलफल




**मधेशदृष्टि**
**वीरगंज ।**
तराईबासीको महान् चाड छठ पर्वलाई मध्यनजर गरी वीरगंज हुदै बग्ने सिर्सिया नदीलाई स्वच्छ र सफा राख्ने सम्बन्धमा वीरगंज उद्योग वाणिज्य सङ्घको अग्रसरतामा पर्सा–बाराका सरोकारवाला उद्योगका सञ्चालकबीच बैठक भएको छ ।
बैठकमा सिर्सिया नदीसँग जोडिएका मरियम लेदर इन्डष्ट्रिज, नारायणी लेदर इन्डष्ट्रिज, शिवशक्ति घ्यू उद्योग, अन्नपूर्णा भेजिटेबल प्रोडक्ट्स, नेपाल लेदर इन्डष्ट्रिज, ग्लोबल लेदर इन्डष्ट्रिज, मारुती पेयर मिल्स, दुर्गा पल्पर्स इण्डष्ट्रिजलगायत अन्य उद्योग प्रतिष्ठानका सञ्चालकको उपस्थिति थियो ।
छलफलमा सिर्सिया नदीलाई सफा राख्न सिर्सिया नदीमा प्रदूषण र फोहोर पानी बिसर्जन गर्ने कार्य बन्द गर्ने प्रतिबद्धता जाहेर गरेका छन् ।
दिपावलीदेखि छठ पर्वसम्म उद्योगहरुले सफा पानी प्रवाहित गर्ने प्रतिबद्धतासमेत जनाए ।
त्यस्तै, छठपर्वलगत्तै सरोकारवाला उद्योगहरुको उपस्थितिमा पुनः वृहत बैठक गरी सिर्सिया नदीलाई प्रदूषणमुक्त बनाउन ठोस कार्ययोजनासहित नदीलाई सफा र स्वच्छ बनाउने दिशामा वीरगंज उद्योग वाणिज्य सङ्घले संस्थागत पहल गर्ने सङ्घका अध्यक्ष अनिल अग्रवालले बताए ।
कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष हरि गौतम, महासचिव आशीष लाठ, कोषाध्यक्ष शिवजी साहलगायत कार्यसमिति सदस्यका साथै उद्योगीको उपस्थिति थियो ।

# कैद मिनाह बदरपछि रिगल पक्राउ

**मधेशदृष्टि**
**काठमाडौँ ।**
सर्वोच्च अदालतले योगराज ढकाल (रिगल) को कैद मिनाह गरी आममाफी दिने सरकारको निर्णय कार्यान्वयन नगर्न परमादेश जारी गरेको छ ।
न्यायाधीशहरु ईश्वरप्रसाद खतिवडा, सपनाप्रधान मल्ल र कुमार चुडालको संयुक्त इजलासले बिहीबार गरेको फैसलामा यसरी गरिने निर्णयमा वस्तुगत आधार र उचित कारण अभिव्यक्तरुपमा खुलाएर मात्र निर्णय गर्ने गर्नु भनी प्रत्यर्थीका नाममा परमादेश जारी गरेको हो ।
अदालतको फैसलामा भनिएको छ, 'निज प्रत्यार्थी रिगल ढकाललाई तत्काल पक्राउ गरी कर्तव्य ज्यान मुद्दामा ठहर भएको जन्मकैदमध्ये ११ वर्ष ११ महिना पाँच दिन कैद निजलाई कारागारमा राखी कानुनबमोजिम असुल गर्नु भनी प्रत्यर्थीका नाममा परमादेश जारी हुने ठहर्छ ।' संविधान दिवसका अवसरमा असोज ३ मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट योगराज ढकाल (रिगल) को कैद मिनाहा भएको थियो ।
निर्णयविरुद्ध रिगलद्वारा हत्या गरिएका चेतन मानन्धरका पत्नी भारती शेर्पाले सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेकी थिइन् । निवेदकका तर्फबाट वरिष्ठ अधिवक्ता बालकृष्ण नेउपानेको नेतृत्वको टोलीले बहस गरेको थियो ।
असोज २५ गते प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, न्यायाधीशहरु डा. आनन्दमोहन भट्टराई र कुमार रेग्मीको पूर्ण इजलासमा सुनुवाइ प्रारम्भ भएपनि हेर्न नमिल्ने भएपनि सुनुवाइ सरेको थियो । त्यसअघि असोज १८ गते न्यायाधीश मनोजकुमार शर्माको एकल इजलासले रिगललाई आममाफी दिन सिफारिस गर्नुपर्नेको कारणसहितको सम्पूर्ण सक्कल मिसिल असोज २४ गतेभित्र झिकाउन आदेश गरेको थियो ।
साथै, अदालतले कानुनी प्रश्नको जटिलता र महत्वको विचार गर्दा पूर्ण इजलासमा पेश गर्नका लागि उपयुक्त देखिएकाले अर्को सुनुवाइका लागि पूर्ण इजलासमा पेशी व्यवस्थापन गर्न समेत आदेश दिएको थियो ।
इजलासले सञ्चारमाध्यमको समेत ध्यानाकर्षण गराएको छ ।
'अदालतमा विवादले प्रवेश पाएपछि मुद्दा विचाराधीन रहेको अवस्थामा कतिपय विवादका सन्दर्भमा सर्वसाधारणमा अनावश्यक शंका उपशंका, भ्रम पैदा हुने गरी विभिन्न सञ्चारमाध्यमहरुमा समाचार सम्प्रेण हुने गरेको सिलसिला प्रस्तुत विवादका सन्दर्भमा पनि कायम रहेको देखिएको छ,' अदालतको आदेशमा भनिएको छ, 'यसप्रकारणको प्रवृत्तिप्रति यस इजलासको ध्यानकर्षण भएको छ ।
न्यायिक प्रक्रियामा रहेका विषयमा अनावश्यक र भ्रमपूर्ण सूचना जानकारीहरु प्रचारप्रसार गरिएका विषयलाई कुनै सन्दर्भमा कानुनी दायरमा ल्याउनुपर्ने अवस्था समेत रहन सक्दछ, त्यसैले विचाराधीन मुद्दाको विषयवस्तुलाई लिएर अल्पसूचनाको आधारमा प्रकाशन र प्रशारण नगर्न नगराउन र अदालतको न्यायिक प्रक्रिया सहयोग गर्न सबै सञ्चारमाध्यमलाई अनुरोध गर्नु भनी सर्वोच्च अदालत प्रशासनका नाममा निर्देशनात्मक आदेश हुने ठहर्छ ।'
यसैबीच, प्रहरीले योगराज ढकाल (रिगल) लाई पक्राउ गरेको छ । सर्वोच्च अदालतले रिगलको कैद मिनाहा बिहीबार बदर गरिदिएको थियो । जिल्ला प्रहरी कार्यालय बाँकेका प्रमुख प्रहरी उपरीक्षक सुवासचन्द्र बोहराले रिगललाई नेपालगंजबाट पक्राउ गरिसकिएका जानकारी दिए । रिगललाई सरकारको सिफारिसमा असोज ३ गते राष्ट्रपतिले आममाफी दिएका थिए ।

# विश्व बैंकले १३ अर्ब ऋण दिने




**मधेशदृष्टि**
**वीरगंज ।**
नेपालले विश्व बैंकबाट १३ अर्ब रुपैयाँभन्दा धेरै ऋण लिनका लागि सम्झौतामा हस्ताक्षर गरेको छ ।
अर्थ मन्त्रालयका सचिव डा. कृष्णहरि पुष्कर र विश्व बैंकका देशीय निर्देशक फारिस हदाद–जेर्भोसले एक सय मिलियन अमेरिकी डलर अर्थात् १३ अर्ब २६ करोड रुपैयाँको सहुलियतपूर्ण ऋण सहायताका लागि हस्ताक्षर गरेका हुन् । यो सम्झौता डिजिटल रूपमा हस्ताक्षर भएको छ । नेपाल र विश्व बैंकबीच डिजिटल हस्ताक्षर भएको यो पहिलो सम्झौता हो ।
विश्व बैंकबाट उपलब्ध हुने सहुलियतपूर्ण ऋणबाट नेपालको स्वास्थ्य सेवामा वृद्धि, स्वास्थ्य वीमाको पहुँचमा वृद्धि र आपत्कालीन स्वास्थ्य सुदृढीकरणका काम हुनेछन् ।
स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यो कार्यक्रम सङ्घीय तहको स्वास्थ्य वीमा बोर्ड, कोशी र गण्डकी प्रदेशका छनोट गरिएका प्रदेश तथा पालिकासँगको समन्वयमा कार्यान्वयन गर्नेछ ।
'गुणस्तरीय स्वास्थ्य सेवाले मानव पुँजी विकासको आधारशिलाको रूपमा काम गर्दछ । यो सहायताले उच्च गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न सहयोग पुग्नेछ', हस्ताक्षरपछि जारी विज्ञप्तिमा उल्लेख छ । अर्थ मन्त्रालयका सचिव पुष्करले विश्व बैंक नेपालको एक प्रमुख सहयोगी संस्था भएको उल्लेख गर्दै सहुलियतपूर्ण ऋण र अनुदानका लागि धन्यवाद दिए ।
यस्तै विश्व बैंकले ३८ लाख ४० हजार अमेरिकी डलर अर्थात् ५० करोड ९३ लाख रुपैयाँ अनुदान दिने भएको छ ।

# बैंक ब्याजदर १० प्रतिशत भन्दा बढी नहुने




**मधेशदृष्टि**
**वीरगंज ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सरकारले छिट्टै बैंक ब्याजदर १० प्रतिशत भन्दा माथि नहुने घोषणा गर्ने बताएका छन् ।
बुटवलको आम्दा अस्पतालको २५ औँ वार्षिकोत्सव समारोहलाई बिहीबार सम्बोधन गर्दै उनले उद्योगी–व्यवसायीको मागअनुसार बैंक ब्याजदर घटाउन लागेको बताए । संघीय लोकतान्त्रिक गणतन्त्र र संविधानबारे प्रश्न उठाउने हक कसैमा नभएको तर्क गर्दै उनले यस विषयमा प्रमुख दलहरुबीच एकखालको समझदारी बनेकाले एक दुई दिनभित्र राष्ट्रका नाममा अपिल गरिने प्रधानमन्त्री प्रचण्डको भनाइ छ ।
प्रधानमन्त्रीले आम्दा अस्पताललाई मेडिकल कलेज बनाउन सरकारका तर्फबाट सक्दो सहयोग गरिने बताए ।
सरकार नागरिकको स्वास्थ्यको हकप्रति संवेदनशील रहेको भन्दै उनले स्वास्थ्य सेवामा सामाजिक सुरक्षा कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको र गरिब, विपन्न र असहाय नागरिकलाई स्वास्थ्य सेवाप्रवाहका लागि सरकारी अस्पतालका २ हजार ८ सय शैया निःशुल्क उपलब्ध गराइएको उल्लेख गरे ।
प्रधानमन्त्री प्रचण्डले बुटवलको सिद्धार्थ बाल तथा महिला अस्पतालमा २ सय शैया भवनको शिलान्यास गरे ।

# युवा हत्या आरोपमा चार जना कारागार चलान



**मधेशदृष्टि**
**राजविराज ।**
प्रेम प्रसंगलाई लिएर १८ वर्षीय युवाको हत्या गरेको आरोपमा पक्राउ परेका चार जनालाई बिहीबार सप्तरी जिल्ला अदालतले पुर्पक्षका लागि कारागार चलान आदेश दिएको छ ।
सप्तरी, खड्क नगरपालिका–११ बनौलीकी ३० वर्षीया विणा देवी यादव, ३४ वर्षीय राम प्रकाश यादव, ३६ वर्षीय डम्बर नारायण साह र ४० वर्षीय छोटे लाल भन्ने धर्म देव साहलाई जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि कारागार चलान गरिएको हो । खडक–११ का १८ वर्षीय युवा मो. अजिमुद्दिनको हत्या गरेको आरोपमा चार जनाविरुद्ध परेको मुद्दामा थुनछेक बहसपछि पुर्पक्षका लागी थुनामा पठाउन न्यायाधीश हरिशचन्द्र इङ्गनामको इजलाशले आदेश जारी गरेको हो ।
भदौ २१ गते मेला हेर्न घरबाट निस्केका सोही वडाका १८ वर्षीय अजिमुद्धिन बेपत्ता थिए । बेपत्ता भएको २१ दिनपछि असोज १२ गते हत्या गरी बोरामा राखेर फालेको अवस्थामा उनको सडेगलेको शव स्थानीय राम प्रसाद यादवले सञ्चालन गर्दै आएको कृषि फर्मको पोखरीमा प्रहरीले फेला पारेको थियो ।
अनुसन्धानक्रममा बालिकासँग भएको प्रेम सम्बन्धकै कारण अजिमुद्धिनको हत्या भएको तथा घटनामा ती चार जनाको संलग्नता रहेको खुलासा भएको थियो ।
कारागार चलान हुनेमध्ये एक जना मृतकको प्रेम सम्बन्धमा रहेकी बालिकाकी आमा र अर्को काका रहेको प्रहरीको भनाइ छ ।
स्थानीय हिरा फेकनी माध्यमिक विद्यालय बनौलीबाट यसै वर्ष एसइइ परीक्षा दिएका अजिमुद्धिनको सोही विद्यालयमा कक्षा ८ मा पढने बालिकासँग गहिरो प्रेम परेको र सोही प्रेम उनको हत्याको कारण बनेको प्रहरी अनुसन्धानमा खुलेको छ ।

# मौसम परिवर्तनले डेङ्गु सङ्क्रमित पनि बढे

**रासस**
**वीरगंज ।**
मौसममा आएको परिवर्तनसँगै पर्सामा रुघाखोकी, ज्वरो र डेङ्गीका बिरामीको चाप बढेको छ । बिहान तथा बेलुका जाडो र दिउँसो हुने गर्मीका कारण सहरी क्षेत्र तथा ग्रामीण बस्तीमा रुघाखोकी, ज्वरो, श्वासप्रश्वासका बिरामी निकै बढेका छन् ।
वीरगंजस्थित नारायणी अस्पताल, प्रभु अस्पताल, नेपाल मेडिसिटी, बयोधा अस्पताल तथा ग्रामीण भेगका स्वास्थ्य संस्थामा अहिले बिरामीको चाप निकै बढेको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ ।
दुधे बालकदेखि ६० वर्षसम्मका वृद्धवृद्धा रुघाखोकी, ज्वरो, श्वासप्रश्वास, निमोनियालगायतको प्रकोपबाट पीडित भएका छन् ।
पछिल्लो केही दिनयता आएको मौसमी परिवर्तनले अस्पतालमा बिरामीको चाप बढेको नारायणी अस्पतालका सूचना अधिकारी डा. उदयनारायण सिंहले जानकारी दिए ।
मौसममा आएको परिवर्तनका कारण रुघाखोकी, ज्वरो, निमोनियालगायत बिरामी दैनिक करिब २० देखि २५ जनासम्म उपचारका लागि आउने गरेको उनले बताए । यस्तै पछिल्लो केही दिनयता दैनिक चार÷पाँच जनासम्म डेङ्गु सङ्क्रमित बिरामी उपचारका लागि आउने गरेको प्रवक्ता डा. सिंहको भनाइ थियो ।
अस्पतालमा बिरामीको चाप बढ्दै गएकाले श्ययाको अभाव भएको र भूइँमै राखेर उपचार गर्नुपर्ने अवस्था रहेको उनले बताए ।
यसैबीच बढ्दो डेङ्गु सङ्क्रमणलाई दृष्टिगत गरी वीरगंज महानगरपालिकाले 'खोज र नष्ट गर' अभियानलाई निरन्तरता दिएको छ ।
पछिल्लो समय वीरगंज महानगर क्षेत्रमा डेङ्गु सङ्क्रमण बढ्दै गएपछि महानगरपालिकाले डेङ्गु सार्ने लामखुट्टे र त्यसको लार्भा नष्ट गर्ने अभियान सुरु गरेको छ ।
अभियानका क्रममा महानगरपालिकाले डेङ्गु सङ्क्रमणका लागि विभिन्न स्थानमा जमेका पानी सफा गर्ने, स्प्रे गर्ने र वीरगंज भित्रिने यात्रुबाहक बसदेखि अन्य सवारी सवारीसाधनमा स्प्रे गर्न थालिएको महानगरपालिकाका सरसफाइ शाखा प्रमुख सरफुदिन मियाले जानकारी दिए ।
महानगरपालिकाका प्रमुख राजेशमान सिंहको निर्देशनमा भदौ २६ गतेदेखि सुरु भएको अभियानकै क्रममा लामखुट्टे र लार्भा नष्ट गर्न र सवारीसाधन तथा पानी जमेको स्थानमा स्प्रे गर्न थालिएको छ ।
प्रमुख मियाका अनुसार अभियानका लागि महानगरको स्वास्थ्य महाशाखासँगै सरसफाइ शाखा र नगर प्रहरीको टोलीलाई स्प्रे गर्न परिचालन गरिएको छ ।
मानिसको अत्यधिक भीडभाड हुने सार्वजनिक स्थानमा पनि किटनाशक औषधि स्प्रे गर्ने क्रमलाई महानगरले निरन्तरता दिएको उहाँले बताए ।

# पर्सामा महिला उद्योगी व्यवसायी थपिँदै




**रासस**
**वीरगंज ।**
पर्साको पोखरिया नगरपालिका–७ की सुनिताकुमारी साह यतिबेला गाउँ नजिकैको चोकमा पसल सञ्चालन गरिरहेकी छिन् । भदौ २१ गते घरेलु तथा साना उद्योग कार्यालयमा उनले पसल दर्ता गराइन् । साह यतिबेला असल गृहणीसँगै सफल व्यापारी बन्ने अभियानमा जुटेकी छिन् ।
सुरुआतमा श्रीमान्लाई सञ्चालक बनाएर पसल दर्ता गराउने सोचमा रहेकी साहले सरकारले दिएको छुट सुविधाका कारण आफ्नै नाममा पसल दर्ता गराइन् ।
यसैगरी सीप नभएपछि घरकै काममा मात्र सीमित रहेकी ठोरी गाउँपालिका–४ की अम्बिका श्रेष्ठले पनि यतिबेला आफ्नै नाममा फेन्सी स्टोर्स दर्ता गराएर व्यवसाय गरिरहेकी छिन् ।
सुनिता र अम्बिका मात्रै होइन, सरकारले उद्योग र व्यवसायी दर्ता दस्तुरमा महिलालाई छुट दिएपछि पर्सामा महिला उद्योगी व्यवसायीको सङ्ख्या बढ्दै गएको छ । कुनै बेला महिलालाई सञ्चालक बनाएर उद्योग दर्ता गराउने सङ्ख्या न्यून रहेको पर्सामा विगत केही समययता महिलालाई नै मुख्य सञ्चालक बनाएर उद्योग व्यापार दर्ता गराउने क्रम बढेको पाइएको छ ।
सरकारले राजपत्रमा सूचना प्रकाशित गरी महिला सञ्चालक भएको कारोबारको उद्योग व्यवसायीका दर्तामा ३५ प्रतिशत मात्र दस्तुर लाग्ने व्यवस्था गरेपछि उनीहरूलाई सञ्चालक बनाएर उद्योग व्यापार दर्ता गराउने क्रम बढेको घरेलु तथा साना उद्योग कार्यालय वीरगंजका प्रमुख धनञ्जयकुमार सिंहले बताए ।
'दैनिक १० देखि १२ वटासम्म नयाँ उद्योग व्यापार दर्ता हुने गरेको छ, करिब ७० प्रतिशत उद्योग व्यापार महिलाकै नाममा दर्ता हुने गरेको छ,' उनले भने ।
पुरुषको नाममा उद्योग व्यापार दर्ता गराउँदा बढी दस्तुर लाग्ने भएकाले महिलालाई मालिक बनाएर व्यापार दर्ता गराउने क्रम बढेको छ । घरेलु तथा साना उद्योग कार्यालयका अनुसार चालु आर्थिक वर्ष २०८०/८१ को तीन महिनामा जिल्लामा तीन सय एक नयाँ उद्योग दर्ता भएकामा एक सय २९ व्यवसायको मालिक महिला नै छन् । चालु आव २०८०/८१ को तीन महिनामा सेवामूलक एक सय १९, कृषिमूलक ६१, उत्पादनमूलक ५०, निर्माणमूलक ४५ र पर्यटनसम्बन्धी २६ वटा नयाँ उद्योग दर्ता भएको कार्यालयका सूचना अधिकारी सविता खड्काले जानकारी दिइन् । नयाँ उद्योग दर्ता, नवीकरणलगायतका शीर्षकबाट २१ लाख ९१ हजार रुपैयाँ राजस्व सङ्कलन भएको छ । विगतमा उद्योग मात्र दर्ता गर्दै आएको कार्यालयले चालु आवदेखि वाणिज्यतर्फका व्यावसायिक फार्मसमेत दर्ता सुरु गरेको सूचना अधिकारी खड्काले बताइन् ।
यस्तै वाणिज्य दर्ता, नवीकरणलगायतबाट एक लाख ५३ हजार दुई सय रुपैयाँ राजस्व सङ्कलन भएको छ । महिलाको नाममा दर्ता भएका व्यवसायतर्फ अधिकांश जेनरल स्टोर्स, सिलाइकटाइ टेलरिङ र ब्युटिपार्लर छन् भने उद्योगतर्फ अधिकांश कृषि र माछा तथा पशुपालनका छन् ।
पछिल्लो समय महिलालाई उद्योग व्यवसायको मालिक बनाउने क्रम बढेको पुष्टि गरेको छ । सरकारले महिलाको नाममा दर्ता हुने उद्योग व्यवसायलाई दस्तुरमा छुट दिनु, स्थानीय प्रशासनले पनि उद्योग व्यवसाय दर्ताका लागि कडाइ गर्नु र बैंक तथा वित्तीय संस्थाबाट उद्योग व्यवसायमा ऋण लगानी सहज हुन सक्नेलगायत कारण पनि घरेलु तथा साना उद्योग व्यवसाय दर्ता गराउने क्रम बढेको प्रमुख सिंह बताउँछन् ।
वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिलकुमार अग्रवालले भने, 'पुरुष प्रधान समाजमा महिलालाई मालिक बनाउने संस्कार पहिला थिएन, तर अहिले महिलालाई सुविधा दिन थालेपछि समाज रुपान्तरण हुन थालेको छ ।'

# नेपालले बिजोर र भारतले जोर................

निर्णयअनुसार बनाइएको 'सीमा क्षेत्रमा रहेका सीमास्तम्भको निर्माण, मर्मतसम्भार र पुनःस्थापनासम्बन्धी मापदण्ड २०८०' बमोजिम बिहीबारदेखि बिजोर नम्बरका सीमास्तम्भको पुनःनिर्माण, मर्मत सम्भार र पुनःस्थापनाको काम सुरु भएको छ,' उनले भने, 'सीमा संरक्षणका साथै सीमा क्षेत्रमा हुने विवाद, सुरक्षा चुनौती र नेपाल—भारत द्विपक्षीय हितका विषयमा पनि सूक्ष्मरुपमा अध्ययन गर्न यो कार्यले सघाउनेछ । स्थानीय जनप्रतिनिधिको महत्वपूर्ण सहयोग रहने विश्वास छ ।'
भारतीय सीमा सुरक्षा बल नम्बर ४८ बटालियनका डेपुटी कमान्डर सन्तोषकुमार निमोरियाले दुई देशका सरकारले गरेका निर्णय र समझदारीअनुसार आफूहरु सीमा सुरक्षाको संवेदनशीलताबारे गम्भीर रहेको बताए । नेपालले बिजोर र भारतले जोर सीमास्तम्भको मर्मतसम्भार गर्ने सहमतिअनुसार आफूहरुले पनि आवश्यक कार्य अगाडि बढाउने र जसले सीमास्तम्भको मात्र नभइ दुई देशको सुरक्षा, सद्भाव र सीमासम्बन्धी प्राविधिक जटिलता समाधानका लागि पनि सहयोग पुग्ने उनको भनाइ थियो ।
नगराइन नगरपालिका प्रमुख विनयकुमार यादव, मुखियापट्टी मुसहरनिया गाउँपालिका अध्यक्ष जयकुमार यादव, सम्बन्धित वडाध्यक्ष, सशस्त्र प्रहरी बल धनुषाका प्रमुख, प्रहरी उपरीक्षक दिनेश मल्ल, नेपाल पत्रकार महासङ्घ धनुषा अध्यक्ष मनिका झालगायत सरोकारवालाको कार्यक्रममा उपस्थिति थियो । कात्तिक १ गते सशस्त्र प्रहरी बल नेपाल नम्बर २ छिन्नमस्ता बाहिनी मुख्यालय बर्दिवासले भारतीय सीमासँग जोडिएका नेपालतर्फका एक सय ४३ वडाका वडाध्यक्षसँग छलफल गरी सीमा सुरक्षा, तिनको संरक्षण, सीमा क्षेत्रका समस्या, चुनौती र समाधानका विषयमा सुझाव लिएको थियो ।

# सर्वपक्षीय सम्मेलन जरुरी छः पौडेल



नेकपा (एमाले) का उपाध्यक्ष विष्णुप्रसाद पौडेलले संविधानको प्रभावकारी कार्यान्वयनका लागि सदन प्रभावकारी हुनपर्ने बताएका छन् ।

प्रतिनिधिसभाको बिहीबारको बैठकको विशेष समयमा बोल्दै उनले प्रतिपक्षले उठाएको आवाज सदनमार्फत सरकारले सुन्नुपर्नेमा जोड दिए ।

'चालु अधिवेशनमा कहीँ नभएको अभ्यास भएको छ । प्रधानमन्त्री विदेश गए पनि कार्यबाहक प्रधानमन्त्री हुन्छ । तर यहाँ प्रधानमन्त्री विदेश गएको बेलामा सदन बन्द गरियो', एमाले नेता पौडेलले भने, 'यस अवधिमा अनुचित लेनदेनसम्बन्धी कानुनमा संशोधनबाहेक अरु कुनै पनि काम गर्न सकेनौँ ।' सदनमा आउनुपर्ने विषय नआएको र सात महिनासम्म एउटा मात्र कानुन बन्नुमा सरकार जिम्मेवार रहेको उनको भनाइ थियो ।

उनले सदनमा सरकारले सांसदहरुको भूमिका कमजोर बनाउने काम गरेको आरोप लगाए । उपाध्यक्ष पौडेलले सदनमा सांसदहरुले उठाएको प्रश्नको सरकारले बेवास्ता गरेको टिप्पणी गरे । मुलुकमा सुन तस्करी बढेका बेला धेरै मेहनत गरेपछि जाँचबुझ आयोग बनाएको तर त्यो अनुसन्धानमा सरकारले प्रभावकारी ढङ्गले गर्न चाहेको नदेखिएको बताए । उनले मुलुकमा हिंसा, बलात्कारजस्ता घटना बढिरहेको र कानुनले दोषी ठहर गरेका व्यक्तिलाई सरकारबाट आममाफी दिँदा छुटेको भोलिपल्ट फेरि अपराध कर्ममा लागेको घट्नाका सम्बन्धमा सरकारको ध्यानाकर्षण गराए । उनले शान्ति प्रक्रियामा विलम्ब गर्न नहुने बताउँदै शान्ति प्रक्रियाको बाँकी काम छिट्टै टुङ्ग्याउनुपर्छ भन्नेमा एमालेको स्पष्ट धारणा रहेको बताए । उनले देशको मुलुकको अर्थतन्त्र सङ्कटमा रहेको बताउँदै अर्थतन्त्रलाई सङ्कट समाधान गर्न सत्तापक्ष र प्रतिपक्ष सबै मिलेर महासम्मेलन गर्न जरुरी रहेकोमा जोड दिए । सरकारले भैरहवा, पोखरा विमानस्थल सम्पन्न भएका आयोजना सञ्चालन गर्न नसकेको उनले आरोप लगाए ।

# सांसदले गराए ध्यानाकर्षण

राष्ट्रियसभाका सांसदहरुले चाडपर्वका समयमा बजारमा खाद्यान्न र चिनीको अभाव देखिएको जनाउँदै खाद्यन्नको आपूर्तिका लागि सरकारको ध्यानाकर्षण गराएका छन् । बैठकको शून्य समयमा सांसद इन्दिरादेवी गौतमले इजरायमा हमासको नियन्त्रणमा रहेका भनिएका नेपाली विद्यार्थी विपिन जोशीलाई छुटाउन सरकारबाट भएको पहलका बारेमा जानकारी माग गरिन् । साथै उनले वैदेशिक रोजगारीका लागि मेनपावर कम्पनीले निःशुल्क पठाउने भने पनि सर्वसाधारणबाट रकम उठाइरहेको जनाउँदै सरकारको ध्यानाकर्षण गराइन् । सांसद गङ्गाकुमारी वेल्वासेले चाडपर्वकाबेला बजारमा देखिएको खाद्यान्न र चिनीको अभाव तथा कालोबजारी नियन्त्रण गर्न माग गरिन् । सांसद गोपाल भट्टराईले चाडपर्वका समयमा जनता महँगीको मारमा परेको र आधारभूत आवश्यकताको अभाव भएको, महँगी बढेको, चिनीको अभाव देखिएको भन्दै उचित व्यवस्थापन गर्न माग गरिन् । सांसद तुलसाकुमारी दाहालले धनुषाका आरती साहको गत जेठ ६ गते ससुरालीमा हत्या भएको र आफन्तले न्यायका लागि माइतीघरका एक सय ३९ दिन धर्नामा बस्दासमेत न्याय नपाएको भन्दै सरकारको ध्यानाकर्षण गराए । सांसद वामदेव गौतमले राष्ट्रियसभाबाट पारित भएको राष्ट्रिय मर्यादासम्बन्धी विधेयकका बेला आफू अनुपस्थित रहेको जनाउँदै विधेयकमा गम्भीर त्रुटि रहेको बताए । साथै उनले प्रावधानले नेपाली जनतालाई विभाजन गर्ने धारणा व्यक्त गरे । सांसद भगवती न्यौपानेले तनहुँमा सुविधा सम्पन्न अस्पताल नभएको र उपचार नपाएर जनताले ज्यान गुमाउनुपरेको उल्लेख गर्दै सरकारको ध्यानाकर्षण गराइन् । सांसद राधेश्याम पासवानले धनुषाकी आरती साहको हत्या भएको पाँच महिना भइसक्दा पनि न्याय नपाएको भन्दै तत्काल छानविन गरी दोषीलाई कारबाही गर्न माग गरिन् । सांसद विमला घिमिरेले कपिलवस्तु–अर्घाखाँची सडकअन्तर्गत बाणगङ्गा नदीमा पुल निर्माणका लागि पाँच लाख मात्र विनियोजन गरिएको र यसले टेण्डर हुन नसेकेको भन्दै टेण्डर हुने गरी बजेट विनियोजन गर्न माग गरिन् । सांसद शारदादेवी भट्टले बझाङ र धादिङमा गएको भूकम्पबाट पीडित जनतालाई क्षतिपूर्ति दिन र उचित व्यवस्थापन गर्न सरकारको ध्यानाकर्षण गराइन् । बैठकमा विधायन व्यवस्थापन समितिका सभापति जयन्तीदेवी राईले 'विद्युतीय व्यापार विधेयक, २०८०' सम्बन्धी समितिको प्रतिवेदन पेस गरेकी थिइन् ।

# समसामयिक विषयमा सरकारको ध्यानाकर्षण



प्रतिनिधिसभाको आजको बैठकमा सांसदहरुले चाडपर्वमा खाद्यान्नको आपूर्ति, सडक मर्मत, कृषि उत्पादनको बजारीकरणलगायत समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराएका छन् । बैठकको शून्य समयमा सांसद बिजुला रायमाझीले नेपालमा उत्पादन हुने दूध, दूधजन्य पदार्थ र माछामा आत्मनिर्भर हुँदै भारतीय आयातालाई रोक्न तथा नेपाली उत्पादनलाई प्रवद्र्धन गर्न माग गरिन् । उनले नेपाली किसानले उत्पादन गरेको दूध, माछालगायत बस्तुको उचित मूल्य निर्धारण गर्न र उखु किसानको समस्या समाधान गर्न पनि सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराइन् ।

**सडक सुरक्षा परिषद् गठन गर्न माग**

सांसद विद्या भट्टराईले सडक दुर्घटना नियन्त्रणका लागि छुट्टै नियमनकारी निकायका रुपमा सडक सुरक्षा परिषद् निर्माण गर्न सरकारको ध्यानाकर्षण गराइन् । उनले विश्वमा अकाल मृत्युको आठ कारणमध्ये नेपालमा पहिलो कारण सडक दुर्घटना बनेको छ भन्दै यस्ता दुर्घटना न्यूनीकरणका लागि दीर्घकालीन योजना ल्याउन माग गरिन् । नेपालमा आव २०७९÷८०को तथ्याङ्कअनुसार दुई हजार तीन सय २० जनाको सडक दुर्घटनामा परी मृत्यु भएको र २८ हजार एक सय ५६ घाइते भएका छन् । असुरक्षित मापदण्डविहीन सडक, सवारीसाधनको गुणस्तर मापनमा कमजोरी र चालकको लापरवाहीका कारण दुर्घटनाबाट नागरिकका जीवन क्षति हुनु एक नियति नै बनेको सांसद भट्टराईको भनाइ थियो । त्यसैगरी सांसद विनिताकुमारी सिंहले माइतीघर मण्डलामा आरती साहको न्यायको लागि सङ्घर्षरतहरूको माग सम्बोधन गर्न सरकारको ध्यानाकर्षण गराइन् । सांसद सुशीला थिङ्ले आरती साहको मृत्यु प्रकरण पेचिलो बन्दै गएको र मृतकका परिवारले न्याय पाउनुभन्दा उल्टै अन्यायमा परेकाले घटनाका सम्बन्धमा तत्काल छानबिन समिति गठन गर्न जोड दिइन् । सांसद बीना लामाले नजिकिएको तिहारमा चिनीको अभाव हुन नदिन र सुपथ मूल्यमा जनतालाई चिनी उपलब्ध गराउने वातावरण बनाउन सरकारको ध्यानाकर्षण गराइन् ।

नेपाली विद्यार्थीको उद्धार गर्न माग सांसद विश्वप्रकाश शर्माले नेपाली विद्यार्थी विपीन जोशी हमासको नियन्त्रणमा रहेको पुष्टि भएको र उनलाई कतार सरकारमार्फत कुरा गरेर उद्धार गर्न सकिने भएकाले यो प्रक्रियामा पहल गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराए ।

**उनले भारत, बङ्गलादेश र भूटान तीन देशसँग निकट रहेको सीमानाका काँकडभिट्टामा पर्यटकको आवागमनलाई सहज बनाउनका लागि भारतसरकारसँग कुरा गरेर सहजीकरण गर्न सरकारको ध्यानाकर्षण गराए ।**

सांसद श्यामकुमार घिमिरेले संसद्लाई प्रभावकारी ढङ्गले सञ्चालन गरिनुपर्नेमा जोड दिए । सांसद शान्ति विकले श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिक वृद्धि गरी कार्यान्वयन गराउन सरकारको ध्यानाकर्षण गराए । सांसद शिव नेपालीले देशभरका पर्यटकीय क्षेत्रलाई प्राथमिकतामा राखेर पर्यटन प्रवद्र्धन गरिनुपर्ने, व्यवसायमैत्री पर्यटकीय पूर्वाधार विकास गरिनुपर्नेमा जोड दिए । सांसद शेरबहादुर कुँवरले हालैको असिना पानीले सुदूरपश्चिम भेगमा किसानले लगाएको बालिनालीमा क्षति पु¥याएकाले पीडित कृषकलाई राहत उपलब्ध गराउन माग गरे । सांसद शोभा ज्ञवालीले समाजमा गलत भ्रम फैलाउने तत्वलाई कानुनी दायरामा ल्याउन जोड दिइन् । सांसद सन्तोष चालिसेले बजेटमा व्यवस्था भएअनुरुप सडक र पुलपुलेसाको मर्मत प्रभावकारी हुन नसकेको गुनासो गरे । सांसद सरस्वती बजिमयले आरती साहको मृत्यु प्रकरणबारे छानविन गर्न, उनको न्यायका लागि कानुनी प्रक्रिया अबलम्बन गर्न सरकारको ध्यानाकर्षण गराइन् ।


# चालु अधिवेशन अन्त्य गर्ने निर्णय

सरकारले सङ्घीय संसद्को चालु अधिवेशन अन्त्य गर्ने निर्णय गरेको छ ।

सिंहदरबारमा बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले राति १२ बजेदेखि अधिवेशन अन्त्यका लागि राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको हो ।

बिहीबारको बैठकले सहसचिव राधिका अर्याललाई प्रशासनतर्फको सचिव र विश्वबाबु पुडासैनीलाई प्राविधिकतर्फको सचिवमा बढुवा गर्ने निर्णय गरेको भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वालाले जानकारी दिए ।


# सदनका उठेका विषयमा सरकारको ध्यान जान जरुरी छः लेखक



नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले जनजीविकाका सवालमा संसद् प्रभावकारी हुनुपर्नेमा जोड दिएका छन् । प्रतिनिधिसभाको बिहीबारको बैठकको विशेष समयमा बोल्दै उनले भने, 'संसद् प्रभावकारी भयो भने सरकार पनि प्रभावकारी हुन्छ ।

संसद् बलियो हुनुपर्छ । मूल विषय भनेको संसद्लाई बढी भन्दा बढी प्रभावकारी बनाएर जानुपर्छ ।' उनले संसद्को मूल काम कानुन निर्माणका साथै सरकार निर्माण, राज्यका स्रोत र साधनको वितरण, सरकारका काम कारबाहीको नियमित अनुगमन र मूल्याङ्कन गर्ने हो भने । उनले भने, 'संसद्मार्फत सरकारलाई जनताप्रति उत्तरदायी बनाउने, संसद्ले बनाएका कानुनको कार्यान्वयनका अवस्थाबारे अध्ययन गर्ने अभ्यास पनि विश्वव्यापी रुपमा रहको छ ।' संविधानले परिकल्पना गरेको बाटोमा कांग्रेस सधैँ प्रभावकारी संसद्को पक्षमा रहेको उनको भनाइ थियो । 'संसद्का काम कारबाही जीवन्त रुपमा काम गर्नुपर्छ । संसद्लाई प्रभावकारी बनाउनका लागि संविधानको रक्षा गर्न प्रतिबद्ध छौँ', प्रमुख सचेतक लेखकले भने, 'लोकतन्त्रमा सहमति, सहकार्य र समन्वय गरेर अघि बढ्नु जरुरी छ । त्यसो भए मात्र संसद् प्रभावकारी हुन्छ ।' संवाद, सहमति, सहकार्य संविधानको कार्यान्वयन र मुलुकको निर्माणका लागि जरुरी रहेको जनाउँदै उनले ७० वर्षको अन्तरालमा सातवटा संविधान बनाउने काम गरिएको र अब यो संविधान असफल बनाउने छुट कसैलाई पनि छैन भने । यो संविधान मुलुकमा ठूलो राजनीतिक अभियान, राजनीतिक यात्राबाट प्राप्त भएको उल्लेख गर्दै उनले संविधानलाई सफल बनाउन सबै लाग्नुपर्नेमा जोड दिए । 'सर्मथन र विरोध लोकतन्त्रको गहना हो । संसद्मा आलोचना र विरोध हुन्छ' उनले भने । प्रमुख सचेतक लेखकले इजरायलमा अध्ययन गर्न गएका १० जना नेपाली विद्यार्थीले हमासको आक्रमबाट अकालमा ज्यान गुमाउनुपरेको र धेरै घाइते भएको जनाउँदै घटनाप्रति दुःख व्यक्त गरे । उनले हमासको नियन्त्रणमा रहेका विपीन जोशीलाई सहजतापूर्वक सकुसल घर फिर्ता गर्ने वातावरण सरकारले बनाउनुपर्ने बताए । उनले सदनका उठेका सबै विषयमा सरकारको यथेष्ट ध्यान जान जरुरी रहेको उल्लेख गरे ।

# विपीन जोशीको रिहाइको चर्चा



राष्ट्रियसभाको बैठकमा सांसदहरुले इजरायलमा हमास समूहको नियन्त्रणमा रहेको भनिएका नेपाली विद्यार्थी विपीन जोशीको रिहाइको पहलदेखि संयुक्त राष्ट्रसङ्घका महासचिवको नेपाल भ्रमणको उपलब्धिबारे चर्चा गरेका छन् । बैठकमा दलीय आधारमा बोल्दै सांसदहरुले सङ्घीयतालाई बलियो बनाउन थाती रहेको कानून चाँडो निर्माण गर्न तथा राष्ट्रियसभाको काम कारबाहीलाई प्रभावकारी र परिणाममुखी बनाउन आग्रह गरे । नेकपा (माओवादी केन्द्र) का सांसद मायाप्रसाद शर्माले विपीन जोशी हामासको नियन्त्रणमा रहेको पुष्टि भएको भन्दै जोशीको रिहाइका लागि पहल गर्न सरकारको ध्यानाकर्षण गराए । साथै उनले संयुक्त राष्ट्रसङ्घका महासचिव गुटेरेसको नेपाल भ्रमण उपलब्धिमूलक भएको र शान्ति प्रक्रिया र जलवायु परिवर्तनका विषयमा उठाएको विषय अन्तर्राष्ट्रियस्तरमा नेपालले चर्चा पाएको बताए । नेकपा (एमाले) का सांसद देवेन्द्र दाहालले इजरायलमा हमासद्वारा मारिएका १० नेपालीप्रति श्रद्धाञ्जली व्यक्त गर्दै बन्धक बनाइएको भनिएका विपीन जोशीको खोजी र उद्धारका लागि पहल गर्न सरकारको ध्यानाकर्षण गराए । उनले मुगुको छायाँनाथ गाउँपालिकामा हालै अज्ञात व्यक्तिबाट भएको सामूहिक हत्याका घटनाको दोषी पत्ता लगाएर कानुनी दायरामा ल्याउन माग गरे । सांसद दाहालले राष्ट्रियसभाको काम कारबाहीलाई प्रभावकारी र परिणाममुखी बनाइनुपर्ने खाँचो औँल्याए । नेपाली कांग्रेसका सांसद रमेशजङ्ग रायमाझीले इजरायलमा हमासको नजरबन्दमा रहेका भनिएका विपीन जोशीको शीघ्र रिहाइका लागि पहल गर्न सरकारको ध्यानाकर्षण गराए । उनले सङ्घीयतालाई बलियो बनाउन बाँकी रहेका कानुन चाँडो बन्नुपर्नेमा जोड दिए ।

सभालाई प्रभावकारी बनाउन नसकिएको र महत्वपूर्ण विधेयक आउन नसकेको उनको भनाइ थियो । नेकपा (एकीकृत समाजवादी) का सांसद जयन्तीदेवी राईले सभाबाट महत्वपूर्ण विधेयक पारित भएको भन्दै आगामी दिनमा पनि सभाको भूमिकालाई थप प्रभावकारी बनाइनुपर्ने बताइन् । जनता समाजवादी पार्टी (जसपा) नेपालका सांसद मृगेन्द्र कुमारसिंह यादवले इजरायलमा हमासको नियन्त्रणमा रहेका विपीन जोशीलाई कूटनीतिक पहलको प्रयास गरी सकुशल नेपाल ल्याउने पहलकदमी गर्न सरकारको ध्यानाकर्षण गराए । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका सांसद शेखरकुमार सिंहले विपीन जोशीको उद्धारका लागि पहल गर्न सरकारसमक्ष माग गरे । उनले विगतमा गजेन्द्रनारायण सिंह अञ्चल अस्पताल नामकरण भएको अहिले सप्तरी जिल्ला अस्पतालका रुपमा सञ्चालन रहेको भन्दै त्यसलाई पुरानै नाममा अञ्चलस्तरीय अस्पताल कायम गर्न माग गरे । त्यस्तै, रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान प्रभावकारीरुपमा सञ्चालन गर्न, चन्द्रनहरको पुनःनिर्माणका लागि पहल गर्न पनि सम्बन्धित निकायको ध्यानाकर्षण गराए । राष्ट्रिय जनमोर्चाका सांसद तुलप्रसाद विश्वकर्माले विपीन जोशीको शीघ्र रिहाइका लागि पहल गर्न सरकारको ध्यानाकर्षण गराए ।

# शान्तिप्रक्रियाको बाँकी काममा अन्तर्राष्ट्रिय सहयोग प्राप्त हुन्छः पुन



नेकपा (माओवादी केन्द्र)का उपमहासचिव वर्षमान पुनले शान्तिप्रक्रियाको बाँकी कामका लागि अन्तर्राष्ट्रिय सहयोग प्राप्त हुनेमा विश्वास व्यक्त गरेका छन् । प्रतिनिधिसभाको बिहीबारको बैठकको विशेष समयमा उनले सङ्क्रमणकालीन विधेयक संसदको कानुन तथा मानव अधिकार समितिमा छलफलमा रहेको जानकारी दिँदै विधेयक राष्ट्रिय सहमतिबाट पारित हुने बताए । आफूले नेतृत्व गर्दा राम्रो तर अरुले नेतृत्व गर्दा नराम्रो जस्तो गरी दृष्टिकोण आउने गरेको उल्लेख गर्दै तर यस्तो विषय राष्ट्रिय प्राथमिकतामा पर्न जरुरी रहेको बताए ।

'हामी आफूमा विश्वास गर्दैनौँ । भाग्यवादमा विश्वास गर्छौं, तर तथ्यमा, विज्ञान प्रविधिले के भन्छ भन्नेमा ध्यान दिएर कर्ममा विश्वास गर्नुपर्छ', उनले भने, 'मिलन र सद्भावको संस्कृतिलाई काम गर्नुपर्छ । अल्पसङ्ख्यकको संस्कृतिलाई पनि मानेर जानुपर्छ । बहुलतालाई स्वीकार गरेर जानुपर्ने जरुरी छ ।' सदनको कार्यकालको समीक्षा गर्दा संसद्ले केही प्रयत्न गरेको उल्लेख गर्दै उनले यस अवधिमा कानुन निर्माणमा क्रममा मिटरब्याजसम्बन्धी महत्वपूर्ण कानुन बनाएको अवगत गराए ।

समितिमा विभिन्न २२ वटा विधेयक छलफल भइरहेको बताउँदै उनले संसद्लाई प्रभावकारी बनाउन सबैको भूमिका आवश्यकपर्नेमा जोड दिए । प्रधानमन्त्रीले विभिन्न मित्रराष्ट्रहरुको भ्रमण गरेको विषय सकारात्मक रहेको उल्लेख गर्दै नेता पुनले संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले नेपालको औपचारिक भ्रमणमा आएर जलवायु परिर्वतनको असरबारे विश्वलाई जानकारी गराउनु नेपालको लागि उपलब्ध भएको बताए । अर्थतन्त्रलाई बलियो बनाउनका लागि सबैले मिलेर काम गर्नुपर्ने जरुरी रहेको बताउँदै उनले सरकारले स्वतन्त्र परराष्ट्र नीतिअनुरुप काम गर्दै आएको उल्लेख गरे । नेता पुनले संसद् अधिवेशनको यो अवधिमा प्रधानमन्त्रीले महिनाको पहिलो हप्ता जवाफ दिने महत्वपूर्ण काम भएको बताए ।

प्रिय मित्र, दिमागबाट 'सक्दिनँ' भन्ने शब्द हटाऊ न है !

–सामुयल जोन्सन

## सम्पादकीय

# अनुचित लेनदेन समस्या कि अवसर ?

अनुचित लेनदेन अर्थात् मिटरब्याजसम्बन्धी कानुन आएर केहीलाई टाउको दुखाइ बनेको छ भने धेरैका लागि सुन होइन हिराको कचौरा साबित भएको छ । मिटरब्याजपीडित भनेर जसले दुवैतिरको कमिसन हत्याउन लागेका छन् त्यस्ता कर्मचारी, प्रहरी र बिचौलियालाई कसैले कारबाही पनि गर्न सक्दैन भनेर प्रष्ट छ । किनभने उनीसँग कारबाही गर्ने अधिकारीलाई समेत प्रभावमा पार्ने हैसियत भइसकेको छ । दृश्य जिल्ला प्रशासन कार्यालयमा देख्न लायक छ । उपल्ला अधिकारीलाई जनताको काम हेर्न फुर्सद छैन । मिटरब्याजी समस्या सुनुवाई गर्न भ्याइनभ्याइ । कारण, अन्य सेवाग्राहीको काम हेर्न प्रशासकीय अधिकृत छँदैछन् । फेरि आफू व्यस्त रहेको देखाउन बहाना पनि त छ । मिटरब्याजी समस्याको सुनुवाई गर्ने निहुँमा दुईतर्फी लाभ पाउने भएपछि अन्यत्र किन हेरिरहनुपर्यो ?

जो साहु छन् र मिटरब्याजीका अभियुक्तको रुपमा आएका छन्, तिनलाई भनिन्छ, 'त्यसै पनि तपाईको पैसा डुबिसक्यो नै मान्नुस्, हामी छौँ डुब्न दिँदैनौँ तर त्यो वापत केही मिलाउनुपर्छ ।' बिचरा साहुले पनि सबै डुब्न लागेको ठाउँमा केही त पाउने आशा छ भनेर दिनका लागि सहमति जनाइदिन्छन् । उता ऋणीलाई भनिन्छ, 'तैँले पैसा लिएको छस्, यो कानुनले छुट दिन भनेको छैन नि ! ब्याजमा सहुलियतसम्म गराइदिन भनेको छ । म छु यति रकम छुट गराइदिन्छु तर त्यसबापत यति रकम मिलाउनुपर्छ ।' बिचरा ऋणी छुटकै दाउमा त समुदायमा बदनाम भएर पनि मिटरब्याजी पीडितको परिचय दिन आएका छन्, कमिसन दिन सहजै सहमति जनाइदिन्छन् । यस्ता काममा अरु कोही होइन, आयोगले वास्तविक अवस्था छानबिन गर्न भनेर जिम्मेवारी दिएका जिल्ला प्रशासन कार्यालयका कर्मचारी, प्रहरी र उनीहरुकै आडमा केही बिचौलियाले हो बार्गेनिङ गर्ने । यहाँ पीडितको पीडा सुनिदैन, लेनीदेनी मिलेपछि सबै हुन्छ । यो आरोपलाई पुष्टि गर्न मात्र दुई वटा विषयलाई यहाँ उल्लेख गर्न चाहन्छौँ ।

एक, जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर १, पुलचोक स्थित साबित्री गिरीको घर र वडा नम्बर १४ रजौलस्थित कविता चौधरीको घर । यी दुवै घरमा मिटरब्याजी पीडित समूहको आडमा पीडित भनिएका गिरी र चौधरी लामो समयपछि आफ्ना पुरानो घरमा फर्के र बसे । गिरीसँग ऋण लिएको भनी सुरुमा धितोमा राखेको भने पनि पछि खरिद गरेको भन्नेविरुद्ध प्रष्ट आधार भए पनि आर्थिक प्रलोभनमा प्रशासन मिलाउन नसक्दा पछि परिरहेको अवस्था छ । दोस्रो, रजौलस्थित कविता चौधरीको घर, जुन साहुसँग ऋण लिएबापत धितोमा दिइन् । पछि साहुले ऋण असुली पनि गरे र घर पनि अर्केलाई बेचिदिए । यहाँ साहुसँग घर किन्ने व्यक्ति जसले घर किनेबापत रकम तिरेका छन् (प्रमाण सहित) उनलाई खरिद गरेको घरमा बस्न पनि अप्ठ्यारो भइरहेको छ किनभने उसले प्रशासनलाई आर्थिक प्रलोभनमा पार्न सक्ने हैसियत राख्दैन । यसर्थ यस्ता कानुनको धज्जी उडाउनेहरु चाहे प्रहरी होस् वा जिल्ला प्रशासनका कर्मचारी उनीहरुलाई कानुनको कठघरामा ल्याउन सकेन भने पीडितको न्यायका लागि गठन भएको भनिएको आयोग पनि कलंकित हुनेछ । गृहमन्त्री नारायणकाजी श्रेष्ठ इमान्दार छु भनेर मात्रै पुगेन, उनका मातहतका निकायका प्रतिनिधिले के गरिहेका छन् निगरानी हुन आवश्यक छ ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

# गुटेरेसको नेपाली पदचापका विश्व सन्देश



एकराज पाठक



करिब १४ वर्षअघि (२०६६ को मङ्सिर १९) मा सगरमाथाको आधार शिविरमा मन्त्रिपरिषद् बैठक बस्यो । त्यसताका नेपालमा जलवायु परिवर्तन के हो र यसले मानवसहित समग्र प्राणीजगत्को स्वास्थ्य र सभ्यतामै के असर गर्छ भन्ने तर्क र बहस सुरु भएका थिए ।

सुरुसुरुमा जलवायु परिवर्तनले हिमाल र हिमालय बस्तीलाई असर गर्ने दृष्टान्त प्रस्तुत हुँदै थिए । पछि यो राष्ट्रिय एजेण्डा नै बन्यो र यसले समग्रमा प्राणीजगत्को अस्तित्वमाथि नै छिट्टै धावा बोल्ने चर्चा थालिए । त्यसैले पनि हामी हिमालको बस्तीका मानिसले यो सम्भावित खतराको सन्देशलाई विश्वको सबै भूगोलमा पु¥याउनु थियो । यसकारण जलवायु परिवर्तनका यी सङ्कटलाई फरक शैलीबाट विश्वको ध्यान तान्नुपर्ने थियो । यसैको पृष्ठभूमिमा नेपाल सरकारले हिमाल पग्लिएकै ठाउँमा पुगेर बैठक गरेको थियो ।

विश्वका मिडियाले यो बैठकको समाचारलाई संसारमा फैलाए । हाम्रोजस्तै कार्यशैली अपनाएर मालदिभ्सले पनि समुद्रमुनि मन्त्रिपरिषद्को बैठक गरेको थियो । जसरी नेपालले हिमशृङ्खला पग्लिएर सकिँदैछ भन्ने सन्देश दिन सगरमाथाको फेदमै पुगेर बैठक ग¥यो, त्यस्तै प्रतिकात्मक सन्देश दिन खोजेको थियो समुन्द्रमुनिको बैठकले । यी दुई बैठकको सन्देश थियो–हिमाल पग्लिएको पानी गएर समुद्रमा जम्मा हुन्छ र समुद्री सतह बढ्छ । अनि यता हिमालमा सुक्खापनले असर गर्छ, उता समुद्रको सतह बढेपछि वरपरको बस्ती डुब्छ ।

कालापत्थर बैठकको केही दिनपछि, सन् २००९ को डिसम्बरमा डेनमार्कको राजधानी कोपेनहेगनमा विश्व जलवायु सम्मेलन आह्वान गरिएको थियो । खासमा सोही सम्मेलनमा विश्वको ध्यान खिच्नका लागि गरिएका थिए यी बैठक । कोपेनहेगन बैठकमा नेपालले जलवायु परविर्तनका कारण नेपाल र पर्वतीय देशमा देखिएको सङ्कटबारे विश्वको ध्यानाकर्षण गराएको पनि थियो । जलवायु परिवर्तनले विश्वमा पार्दै आएको असर न्यूनीकरणका लागि विश्वका अरु पनि केही राष्ट्रले यस्तै फरक शैलीका बैठक तथा कार्यक्रम आयोजना गरेका थिए ।

तर दुःखद् कोपेनहेगन सम्मेलनको मुख्य वेबसाइटमा हाम्रो बैठकको सूचना थिएन, मालदिभ्सको थियो । सो सम्मेलनको वेबसाइट खोल्दा मालदिभ्सको बैठकको तस्बिर र सूचना सुरुमै आउँथ्यो तर हाम्रो कालापत्थरको आउँदैनथ्यो । सम्मेलनमा सहभागी प्रधानमन्त्री माधवकुमार नेपालले यस विषयमा चासो राख्नुभयो र नेपालको राष्ट्रसङ्घीय मिसनका अधिकारीलाई सोध्नुभयो । त्यसबेलाको राष्ट्रसङ्घीय नेपाली मिसनले त्यति चित्तबुझ्दो जवाफ दिन सकेका थिएनन् । सायद उनीहरूले 'लबिङ' या पहुँच पु¥याउन सकेका थिएनन् ।

सम्मेलनमा नेपालले नेपालका हिमाल पग्लिन थालेको र हिमाली बस्ती सङ्कटमा पर्न लागेको तथा मालदिभ्सले हिमशृङ्खला पग्लिन थालेकाले अब मालदिभ्स र यस्तै समुद्री किनारका देशका मानव बस्तीको अस्तित्व पनि सङ्कटमा पर्न सक्ने सम्बोधनका क्रममा जनाएका थिए । यसले विश्वका राष्ट्रप्रमुख तथा सरकार प्रमुखको ध्यान खिचेको पनि थियो । जलवायु परिवर्तनका कारण नेपालजस्ता पीडित राष्ट्रहरूले पाउने क्षतिपूर्तिको प्रचलन नेपालको त्यो पहलले स्थापित गरायो । जुन अहिले पनि निरन्तर त छ तर प्रसस्तै अपुग छ, लाखौँ करोडौँ कोष टाढाका सूर्य भगवानलाई दुई थोपा अघ्र्य चढाएजस्तै ।

विगतका यी उदाहरणको तुलनामा यतिखेर भने नेपालले एक अभूतपूर्व अवसर प्राप्त गरेको छ । किनभने अबका केही दिनपछि राष्ट्रसङ्घीय विश्व जलवायु सम्मेलन हुँदैछ र त्यसको आयोजक संस्था संयुक्त राष्ट्रसङ्घका महासचिवले त्यही प्रभावित ठाउँमा आफैँ पुगेर अवस्थाको अध्ययन गर्नुभएको छ । त्यो बैठकयता कति हिमाल पग्लियो र कति सेता हिमचुचुरा कालापत्थरमा परिणत भए भन्ने कुरा अनुसन्धानकै गर्भमा रहे पनि अब भने कालापत्थर बैठक गरेर विश्व सम्मेलनमा प्रतिकात्मक जानकारी दिनुपर्ने अवस्था छैन । राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेस त्यहीँ पुग्नुभयो र प्रभावित क्षेत्रका बासिन्दासँग अन्तक्रियासमेत गर्नुभयो ।

'अहिले त्यही म अहिले यहाँ हिमालयमा छु । जहाँ हिमाल पग्लिरहेका छन् र हिमनदरू रेकर्ड लेभलमा छन् । अन्टार्टिका र ग्रीनल्याण्डमा जस्तै यहाँ पनि जलवायु परिवर्तनको गम्भीर असर देखिइरहेका छन् । हामीले बाढी पहिरो देख्नुपरेको छ । यहाँको समुदाय नाटकीयरूपमा प्रभावित भइरहेको छ । हामीले यसलाई रोक्न जरुरी छ । जलवायु परिवर्तनका असरले हिमालय क्षेत्रको पर्यावरण र जनजीवनमा देखिन थालेका असर तथा त्यसको रोकथामका लागि मैले विश्वसमुदायको ध्यानाकर्षण गराउन चाहेको छु । हामीले बढ्दो तापक्रम वृद्धिलाई एक दशमलव पाँच डिग्रीमा सीमित गर्नसक्नुपर्छ । यसबाट हामी पछि हट्न सक्दैनौँ ।'

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले गत सोमबार सोलुखुम्बु जिल्लाको सगरमाथा क्षेत्रको अवलोकन गरेपछि सामाजिक सञ्जालको आफ्नै वालमार्फत दिनुभएको भिडियो सन्देश हो यो । त्यसमा उहाँले जलवायु परिवर्तनको असरका रूपमा पर्यावरण र मानव समुदायमा नाटकीय परिवर्तन देखिन थालेको बताउनुभएको थियो । उहाँले जलवायु परिवर्तन रोकथामका लागि विश्व समुदायलाई आग्रह पनि गर्नुभयो । त्यसअघि सोही दिन गुटेरेसलाई भेटेपछि सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिकाका स्थानीयले जलवायु परिवर्तनले के कस्ता समस्या उत्पन्न गरेको छ भन्नेबारेमा जानकारी गराएका थिए । उनीहरूले हिमनदी पग्लिनेक्रम बढेको, जलवायुजन्य हानिनोक्सानी बढेको, पानीका स्रोत र मुल सुक्दै गएका, स्थानीय बालीनालीमा जलवायुको असर परेको, नाङ्गा हिमालमा पानी पर्दा पहिरो जाने समस्या बढेकोजस्ता समस्या अवगत गराएका थिए ।

यो वास्तविकता देखेका महासचिव गुटेरेसले नेपालको हिमालमा जलवायु परिवर्तनले पारेको असरबारे विश्वको ध्यानाकर्षण गराउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । महासचिव गुटेरेस जलवायु परिवर्तनबाट सबैभन्दा बढी प्रभावित क्षेत्र हिमालमा पुगेका केही हप्तापछि नै जलवायु परिवर्तनसम्बन्धी विश्व सम्मेलन (कोप–२८) को आयोजना हुँदैछ ।

सोही सम्मेलनमा आफूले विश्वको प्रदुषण वृद्धिमा धनी देशको भूमिका रहेको तर खुम्बु पासाङल्हामु गाउँपालिकाजस्ता दुर्गम स्थानका नागरिकको कुनै भूमिका नरहेको तथ्य उठाउने बताउनुभयो । नेपालको सङ्घीय संसद्लाई सम्बोधन गर्दा उहाँले जलवायु परिवर्तनको असर नेपालमा कति परेको छ र आफ्ना कारण विना नै नेपाल कसरी पीडित बन्नुपरेको छ भन्ने कुरा धनी र यसका कारक देशसँग राम्रोसँग उठाउने बताउनभुयो ।

उहाँको यो भ्रमणले पक्कै पनि नेपालले नखाएको विष अब लाग्दै, लाग्नु हुँदैन र लागि नै हाले पनि विषको मात्रा नगन्य हुनुपर्छ भन्ने वास्तविकता विश्वका धनी दशेको कानमा पर्ने आशा गर्न सकिन्छ । यो हाम्रा लागि शुभ समाचार हो । महासचिव गुटेरेसको भ्रमणले बोकेको अर्को नेपाली सन्देश शान्तिको हो । हामीसँग विश्वमा अन्यत्र कतै वीरलै रहेका शान्तिका सन्देश छन् । जस्तो कि शान्तिका अग्रदूत भगवान् गौतमबुद्धको जन्मस्थल लुम्बिनीमा राष्ट्रसङ्घीय महासचिव पुग्नु नै नेपालको शान्तिको सन्देश विश्वमा पुग्नु हो । यतिखेर विश्वको झण्डै एक तिहाइ जनसङ्ख्याले बुद्ध दर्शनलाई अँगालेका छन् । त्यसैले हामी नेपाली विश्वको कुनै पनि भूगोलका भन्दा भाग्यमानी हौँ । बुद्धका शान्तिका सन्देश विश्व जति आधुनिक, विकसित र कथित समृद्ध हुँदै गएको छ त्यति नै सान्दर्भिक हुँदै गएका छन् । शान्तिका नाममा विश्वको कुनै पनि मानिसका दिमागमा सबैभन्दा पहिला आउने बुद्ध हुन र स्थान लुम्बिनी हो ।

त्यसैले त महासचिव गुटेरेस लुम्बिनी पुगेर विश्वका कुनै पनि युद्धरत मुलुकलाई युद्ध छोडेर शान्तिको बाटोमा लाग्न आग्रह गर्नुभयो । मङ्गलबार बिहान गौतमबुद्ध जन्मस्थल लुम्बिनीको भ्रमण गरेपछि महासचिव गुटेरेसले मायादेवी मन्दिर अगाडिबाट सम्बोधन गर्दै युद्धग्रस्त मुलुकलाई शान्तिको मार्गमा लाग्न आग्रह गर्नुभयो । उहाँले संसारभरि नै शान्ति स्थापनाका लागि लुम्बिनी एक पवित्र उद्यान हो भन्दै लुम्बिनीमा उभिएर विश्वलाई नै शान्तिको सन्देश दिन पाएकोमा आफूलाई अत्यन्त खुसी लागेको बताउनुभयो । उहाँले लुम्बिनीबाट यो आह्वान गरिरहँदा विश्वमा युक्रेन, रसिया, इजरायल, प्लानेस्टाइनसहित विभिन्न मुलुकमा युद्ध जारी छ । तिनका लागि उहाँको यो भ्रमणको सन्देश सान्दर्भिक छ ।

अर्को हामीसँगको शान्तिको सन्दशे भनेको विश्वका द्वन्द्वग्रस्त देशमा नेपाली सेनाको उपस्थिति र मध्यस्थता हो । सन् १९५५ मा संयुक्त राष्ट्रसङ्घको सदस्य बनेदेखि नै नेपालले विश्व शान्तिका लागि महत्वपूर्ण योगदान पु¥याउँदै आएको छ । राष्टसङ्घका आह्वानमा द्वन्द्वग्रस्त मुलुकमा नेपाली सैनिक टोली खटिइआएको छ । विश्वका लगभग ४४ मिसनमा एक लाख ४६ हजारभन्दा बढी नेपाली शान्ति सैनिकले भाग लिइसकेका छन् । संयुक्त राष्ट्रसङ्घको शान्ति सेनामा योगदान दिने दोस्रो देशका रुपमा रहेको नेपालका अहिले पनि विश्वका करिब १२ मुलुकमा पाँच हजारभन्दा बढी सैन्य तथा प्रहरी कार्यरत छन् ।

शान्तिसँग जोडिएको नेपालको अर्को पाटो भनेको हामीले हाम्रो हाम्रो द्वन्द्वलाई कसरी आफ्नै मौलिक प्रयासबाट सम्पन्न गर्न सक्यौँ भन्ने पनि हो । संसारले नै अध्ययन गर्नुपर्ने गरी हामीले हाम्रो माटोको सशस्त्र द्वन्द्वको आफैँले व्यवस्थापन ग¥यौँ र शान्ति स्थापनाको नेपाली मोडल स्थापना गरी देखाइदियौँ । विद्रोही पक्षलाई शान्ति प्रक्रियामा ल्याई संविधानसभाको निर्वाचनमार्फत् सरकारमा पठाएर विद्रोहीपक्षकै संलग्नता र सहमतिबाट उत्कृष्ट समावेशी संविधान निर्माण गरी उनीहरूलाई नै सरकारको नेतृत्वमा पठाएको मोडल विश्वमा अन्यत्र सायदै पाइन्छ होला । जुन वास्तविकतालाई महासचिव गुटेरेसले पनि स्वीकार गर्नुभयो र यसबाट विश्वले सिक्नुपर्ने अभिव्यक्ति पनि दिनुभयो । हामीले आर्जेका यी उपलब्धिहरूलाई बाह्य विश्वमा देखाउन महासचिव गुटेरेसको भ्रमण एउटा सुखद् अवसर र सन्देश दुवै हो ।

संयुक्त राष्ट्रसङ्घको महासचिव संसारका मिडियाले सबैभन्दा बढी पछ्याउने पद हो । संसारका शक्ति राष्ट्रका नेतृत्वको चियो गरेजस्तै मिडियाले समाचारमा महासचिवको पदचाप पनि बढीनै पछ्याउँछन् । त्यस्ता व्यक्तिको नेपाल भ्रमणले देशको कूटनीतिक उचाइ बढाउँछ नै । महासचिव गुटेरेसको यो भ्रमण नेपालका लागि एक महत्वपूर्ण कूटनीतिक लाभ हो । यो कूटनीतिक उपलब्धिभित्रै नेपालले भोगिरहेको जलवायु सङ्कट र नेपालको शान्तिको सन्देश संसारमा फैलाउने अर्को एक अवसर पनि हो । महासचिव गुटेरेसका नेपालको अर्थपूर्ण र महत्वपूर्ण पदचापको सन्देश जलवायु सङ्कट र शान्तिको सन्देश संसारमा पु¥याउनु हो । हाम्रा हिमालको सङ्कटलाई न्याय उहाँका आँखाले देख्दा जति प्रभावकारी अरुबाट कमै हुनसक्छ । त्यतिकै महत्वपूर्ण उहाँले लुम्बिनीबाट विश्वका अशान्त देश र द्वन्द्वहरूलाई शान्तिका लागि गर्नुभएको आह्वान छ । उहाँका पदचापले फैलाएका यी सन्देश विश्वमा कहाँ पुगे र त्यसबाट हामीले कसरी र के लाभ लिने भन्ने विषयलाई हाम्रो कूटनीतिक कौशलताले पछ्याउनुपर्ने खाँचो त छँदैछ ।

## नेपाल रेल्वे समय तालिका

| जनकपुर-जयनगर रेलसेवा | | |
|---|---|---|
| सिफ्ट | जनकपुर | जयनगर |
| पहिलो | ८:३५ बजे | १०:०० बजे |
| दोस्रो | ११:३० बजे | १२:५५ बजे |
| तेस्रो | १६:३० बजे | १७:५५ बजे |

| जयनगर-जनकपुर रेलसेवा | | |
|---|---|---|
| सिफ्ट | जयनगर | जनकपुर |
| पहिलो | ०८:३० बजे | ०९:५५ बजे |
| दोस्रो | १५:०० बजे | १६:२५ बजे |
| तेस्रो | १८:०० बजे | १९:१२ बजे |

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँभभ्का : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## राशिफल

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आजको दिन खेलकुद तथा मनोरञ्जनात्मक कार्यमा बित्ला, पारिवारिक मित्रता तथा रमाइलो यात्रा होला ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
नयाँ नयाँ मित्रहरुसंगको भेटले मन आनन्दित रहला। आर्थिक लाभका नयाँ नयाँ मार्गहरु नि प्रशस्त होलान् ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
आजको दिन नयाँ बस्त्र तथा आभुषण प्राप्त हुने योग छ। आटेका वा सोचेका काम कार्यहरु पूरा होलान् ।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आजको दिन शिक्षा क्षेत्रमा सफलता पाउनुका साथै कुनै लेख रचना तथा साहित्यिक कार्यको थालनी होला ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज कुनै उपहार तथा पुरस्कार प्राप्त हुने योग पनि रहेको छ ।आज दक्षिण तिरको यात्रा नगरेकै राम्रो होला।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आजको दिन अपर्झट कुनै पनि स्थानको यात्रा हुनसक्छ, खेलकुद तथा साहित्यिक क्षेत्रमा तपाईंको सहभागीताले उत्साह थपिएला ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज हर्ष तथा प्रसन्नताका साथ समय बित्नेछ, आज को दिन आध्यात्मिक चिन्तनमा मन जाने देखिन्छ ।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
तपाईंको लगनशीलता तथा पराक्रमले कठिन भन्दा कठिन कार्यहरु पनि सहजै सम्पन्न+ होलान् ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आजको दिन धन आर्जनका विभिन्न मार्गहरु प्रशस्त होलान् धन तथा मान प्राप्ति हुनसक्छ, वैदेशिक यात्राका अवसरहरु पनि आउनसक्छ,

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आजको दिन तपाईंको व्यक्तित्व देखेर सबै प्रभावित होलान्, आर्थिक लेनदेनमा विशेष सावधानी अपनाउनुहोला।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
आजको दिन अनावश्यक खर्चको योग आएको छ तपाईंको कमजोरीको फाइदा उठाउलान, धैर्य तथा विवेकले काम लिनुहोला।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आजको दिन तपाईंलाई गुप्त बिद्या तथा शिक्षा प्राप्त होला, आज विशेष परिस्थितिले दिनभर मन रमाउला ।

# जनप्रतिनिधि जनताको घेराबन्दीमा हुन्छः ढकाल




**काठमाडौँ ।**
प्रतिनिधिसभा सदस्य सूर्यप्रसाद ढकाल जनताको घेराबन्दीको बीचमा रहेर सांसदले काम गर्नुपर्ने हुँदा कानुन बनाउने काम मात्र गर्छु भनेर पन्छिन नमिल्ने बताउँछन् ।

नेकपा (एमाले) का तर्फबाट बाँके निर्वाचन क्षेत्र नम्बर १ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित उनी सांसदलाई विकास निर्माण र जनताको सुख, दुःखमा साथ दिने भनेर नै समाजले बुझ्ने गरेको बताउँछन् । एमालेका केन्द्रीय सदस्यसमेत रहेका सांसद ढकालले भने, ‘जनताका मुद्दालाई सम्बोधन गर्ने गरी कानुन बनाउने, आफू निर्वाचित भएको क्षेत्रमा अधिकतम बजेट लैजाने र जनतासँगको सम्बन्ध सम्पर्कलाई जीवन्त बनाउने नै जनप्रतिनिधिको मुख्य काम हो ।

जनप्रतिनिधि भएपछि गाउँको विकासमा ध्यान दिन्छन् भन्ने जनताको बुझाइ छ ।’ एमाले बाँकेका इञ्चार्जसमेत रहेका सांसद ढकाल सदन सुरु भएको करिब आठ महिना बितिसक्दा पनि कानुन बनाउने कामले तीव्रता नपाउनुमा संसद् र सांसद मात्र दोषी हो जस्तो लाग्दैन । ‘संविधान अनुकूल र अन्य कानुन बनाउन ढिलाइ हुनुमा संसद् र सांसदको मात्र दोष छैन’, उनले भने, ‘सरकारले सदनलाई दिएको विजनेसका आधारमा कानुन बन्ने हो ।’ सदनले प्रभावकारी तरिकाले काम गर्न सकेन भन्नुको कुनै अर्थ नरहेको सांसद ढकालको भनाइ छ । ‘सरकारकै कारण सदनले प्रभावकारी ढङ्गले काम गर्न सकेन, सरकारले विकास निर्माणका कामलाई पनि निरन्तरता दिएन’, उनले भने, ‘जनताका कुरा प्रत्यक्ष जोडिएका विषयमा राज्यले ध्यान दिनुपर्छ, दैनिक उपभोग्य सामग्रीको महँगी अत्यधिक बढेको छ, त्यसको नियन्त्रणका लागि कुनै पहल भएको छैन, लाखौँ युवा विदेश पलायन भइरहेका छन् । यस्ता विषयमा प्रतिपक्षी दलले आवाज उठाउनैपर्ने हुन्छ ।’ सरकार र जनताको आवाजको पुलको रुपमा काम गर्ने सांसदले संसद अवरोध गर्नु ठीक नभएको सांसद ढकालको बुझाइ छ । नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डताको विषयमा प्रश्न उठेपछि र ठूलो मात्रामा सुन तस्करी भएको थाहा पाएपछि त्यसको छानबिनका लागि सदन अवरोध गरिएको उनको भनाइ छ । सत्तापक्षले प्रतिपक्षलाई कहिलेकहीँ संसद् अवरोध गर्न बाध्य बनाउने अवस्था पनि आउने गरेको तर एमाले सैद्धान्तिक र व्यवहारिक हिसाबले संसद् अवरोध गर्ने पक्षमा नभएको सांसद ढकाल बताउँछन् ।

कानुन बनाउने सांसदले अलि बढी स–साना विकास निर्माणका काममा लागेजस्तो देखिन्छ । सांसद भनेको मूलतः कानुन बनाउने व्यक्ति हुन भनेर स्थापित हुनुपर्ने थियो तर नेपालमा त्यो कुरा स्थापित हुन नसक्दा सांसदले समाजमा विकास निर्माण, शिक्षा, स्वास्थ्य, रोजगार, त्यस क्षेत्रको विकासमा पूर्णरुपमा ध्यान दिनुपर्ने अभ्यास हुँदा त्यसविपरीत जान नसक्ने उनको अनुभव छ । ‘निर्वाचनका बेलामा जनतालाई मत माग्न जाँदा धेरै आश्वासन दिने बानी छ, गाउँमा जाँदा विद्यालय बनाउने, मन्दिर बनाउने, सडक बनाउने विषयमा बोल्नै पर्ने मान्यता छ’, सांसद ढकालले भने, ‘त्यो कुरा एउटा सांसदले तोड्न सक्दैन, जनताको घेराबन्दीमा भएको सांसदले म यो गर्न सक्दिन भन्न सक्दैन ।’ राज्य प्रभावकारी तरिकाले अघि बढ्नका लागि राज्यका प्रमुख तीन अङ्गबीच शक्ति सन्तुलनका हिसाबले पनि प्रभावकारी तरिकाले अघि बढ्नुपर्छजस्तो उनलाई लाग्छ । विसं २०२९ वैशाख ६ गते बाँकेमा जन्मिएका सांसद ढकालले २०४५ सालदेखि अनेरास्ववियुको प्रारम्भिक कमिटीदेखि राजनीतिक यात्रा सुरु गरेका हुन् । उनले युवा सङ्घको केन्द्रीय सचिव, उपाध्यक्ष भएर काम गरे । पार्टीमा गाउँ कमिटीको सचिव, जिल्ला अध्यक्ष, प्रदेशको सचिवालय सदस्य हुँदै केन्द्रीय सदस्य भएर ढकालले काम गरिरहेका छन् । सांसद विकास कोष सांसदमा पाँच करोड रुपैयाँ छुट्याएको थियो । जनप्रतिनिधिले आफ्नो ठाउँको विकासका लागि हरेक पाउनु राम्रो हो तर जनप्रतिनिधिलाई व्यक्तिगतरुपमा पैसा दिनुभन्दा पनि राज्य कोषबाटै विकासमा लगानी गर्दा राम्रो हुने उनको बुझाइ छ ।

‘जनताको प्रतिनिधिलाई कुन क्षेत्रको विकास कसरी गर्नुपर्छ, त्यहाँको आधारभूत आवश्यकता के हो भन्ने थाहा हन्छ तर जनताको प्रत्यक्ष जनजीविकासँग जोडिएका विषय पनि हुन्छन्’, सांसद ढकालले भने, ‘सांसद विकास कोषबाट सांसदलाई पैसा दिनुभन्दा पनि अध्ययन गरेर कुन कुन ठाउँमा के के विकास गर्न जरुरी छ भनेर अध्ययन गरेर दिँदा राम्रो हुन्छ ।’ जनताको प्रतिनिधि भएर सदनमा बोल्दा मर्यादित भएर बोल्नुपर्ने उनको बुझाइ छ । पहिला बोल्ने अनि रेकर्डबाट हटाउनेजस्ता अभ्यास राम्रो हुँदैन भन्ने उनको ठम्याइ छ । ‘पहिला बोल्ने अनि रेकर्डबाट हटाउने गरिन्छ, आफूले बोलेको कुराको पछिसम्म असर रहन्छ भने सोच छैन’, उनले भने, ‘एउटा मापदण्ड बनाउन जरुरी छ, बोल्दा खेरी मर्यादित भएर नै आफ्नो कुरा राख्न जरुरी हुन्छ ।’




# भ्रमण संस्कृतिः सहरका गाउँमा, गाउँका सहरमा

**रासस**
**म्याग्दी ।**
शारदीययामसँगै भ्रमणको मौसम सुरु भएको छ । चाडपर्वको रौनकसँगै गाउँघरतिर मेलापर्व चलिरहेका छन् । सहरबजारतिर व्यापार व्यसायको याम छ । आकास खुलेको छ । हिमाल टल्कीएका छन् । वर्षा हुन रोकिएको छ । यही मौकामा घुमफिर गर्न र रमाउन सहरतिरका युवायुवती म्याग्दीका पर्यटकीयस्थलमा उक्लिएका छन् भने गाउँका विद्यार्थी, युवा र प्रौढ आफन्तसँग भेटघाट गर्न, घुम्न र रमाउन सहरबजारतिर झरेका छन् । यहाँको भ्रमण संस्कृतिविपरीत मनोविज्ञानमा आधारित छ । समय मिल्यो र मन मिल्ने साथी भएभने भ्रमण गर्ने, रमाउने र मोजमस्ती गर्ने युवा र प्रौढ बढेका छन् । तर, भ्रमण संस्कृतिमा भने विपरीत मनोविज्ञान पाइएको म्याग्दीको पर्यटन र सामाजिक क्षेत्रमा सक्रिय रहेका ओमकुमारी शान्ति कोषका पूर्वअध्यक्ष राजेश शाक्यले बताए ।



‘घोडेपानी, पुनहिल, टोड्के, झाँक्रीपानी, बेलढुङ्गा, लभ्लीहिललगायतका म्याग्दीका ग्रामीण पर्यटकीयस्थलमा आन्तरिक पर्यटकको भीड छ । यी सबै क्षेत्रमा पुगेका अधिकांश पर्यटक सहरबजारबाट गाउँ उक्लिएका हुन्’, शाक्यले भने, ‘बजार क्षेत्रमा पनि त्यस्तै अवस्था छ, गाउँका युवा, विद्यार्थी र प्रौढहरु घुम्न, रमाइलो गर्न र किनमेल गर्न बजार झरेका छन् ।’

पछिल्लो समय नेपालीमा पनि भ्रमण गर्ने संस्कृतिको विकास हुँदै गएपछि पर्यटकीयस्थल विदेशी पर्यटकलाई मात्र कुर्नुपर्ने बाध्यतामा छैनन् । विदेशमा समेत चर्चित बनेका घोडेपानी, पुनहिल र मुस्ताङलाई नै हेर्ने हो भने पनि सन् २०१९ यता विदेशी कम र आन्तरिक पर्यटकहरु बढी पुगेका छन् । घोडेपानी होटल व्यवस्थापन समितिका अध्यक्ष मीना पुनले भनिन्, ‘घोडेपानीमा अहिले सदरदर दैनिक चारसय बढी पर्यटक पुग्ने र फर्कने गर्दछन् । तीमध्ये ७५ प्रतिशत आन्तरिक पर्यटक हुन् । त्यसमा पनि सहरबजारबाट घुम्न आउने आन्तरिक पर्यटक ९८ प्रतिशत हुने गर्दछन् ।’ चक्रीय अन्नपूर्ण पदमार्गले समेटिएका उत्तरी म्याग्दीका घोडेपानी, पुनहिल, भुरुङ तातोपानीमा मात्रै होइन पश्चिमी म्याग्दीका टोड्के, बेलढुङ्गा, दरबाङ, लगायतका पर्यटकीयस्थलमा समेत आन्तरिक पर्यटकको भीड लागेको पर्यटन व्यवसायीको भनाइ छ । अन्नपूर्ण गाउँपालिका–६ मा पर्ने प्रशिद्ध पर्यटकीयस्थल घोडेपानी र पुनहिलमा दैनिक तीन सयदेखि पाँचसय जनासम्म आन्तरिक पर्यटक आएका स्थानीय होटल व्यवसायीहरुले बताएका छन् ।

अध्यक्ष पुनका अनुसार यस वर्ष भदौ पहिलो सातादेखि नै घोडेपानीमा आन्तरिक तथा बाह्य पर्यटक विगतका वर्षका तुलनामा धेरै आएका र दसैँ सुरु भएपछि त्योक्रम झन बढेको हो । दशैँअघि दैनिक एक सयदेखि तीनसय जनासम्म आउने गरेकामा दशैँ मनाएपछि दैनिक पाँच सयसम्म आन्तरिक पर्यटक घोडेपानीमा आएको उनले बताइन् । विदेशी पर्यटकले धमाधम होटल ‘बुकिङ’ गर्न थालेका उनले जानकारी दिइन् । अध्यक्ष पुनका अनुसार असोजदेखि मङ्सिरसम्म र फागुनदेखि जेठसम्म धेरै पर्यटक आउने गर्छन् । मुख्य याममा यहाँ दैनिक चार सयदेखि एक हजारसम्म पर्यटक भित्रने गरेको उनले बताइन् । उनका अनुसार अहिले पर्यटन सिजन सुरु भएपछि विदेशीसँगै आन्तरिक पर्यटकसमेत घोडेपानी आउन थालेपछि यहाँका व्यवसायी उत्साहित भएका छन् । यहाँ आउने आन्तरिक पर्यटकमा ९८ प्रतिशत बढी व्यक्ति काठमाडौँ, पोखरा, बागलुङ, बेनीलगायतका सहरी क्षेत्रका हुने गरेका उनको भनाइ छ । म्याग्दीका सबै पर्यटकीयस्थलमा सडक सञ्जालको पहुँच पुगेपछि निजी सवारी साधनमार्फत आन्तरिक पर्यटक ती क्षेत्रमा पुग्न थालेका धौलागिरि पर्यटन परिषद् म्याग्दीका अध्यक्ष अमर बानियाँले बताए । ग्रामीण पर्यटनमा ग्रामीण क्षेत्रकै युवामा भने चासो रहेको नपाइएको मङ्गला गाउँपालिका–२ रणबाङका श्रीराम पौडेलले बताए । ‘गाउँका युवा विदेशमा छन्, रहे बचेका युवाहरुलाई पनि सहरबजार नै रमाइलो लाग्छ, फुर्सद मिल्यो किउनीहरु डुल्न घुम्नका लागि बजारतिर लाग्ने गर्छन्’, उनले भने, ‘सहरबजारका युवायुवती, प्रौढ, व्यापारी, व्यवसायी र कर्मचारी भ्रमणका लागि गाउँ हुँदै जङ्गलतिर उक्लिने गर्दछन् ।’ सहरबाट घुम्नका लागि गाउँ आएका पर्यटकलाई स्थानीय होमस्टे, स्थानीय खानाका परिकार, दृश्यावलोकन र प्राकृतिक सुन्दरताले लठ्याउने गरेको पर्यटकीय क्षेत्र बेलढुङ्गा नजिकको व्यवसायी गणेश श्रीषले बताए । उत्तरतर्फचाँदी झैँ टल्कने सेता हिमाल । चैत, वैशाखमा राताम्यै फुलेका लालीगुराँस । नागबेली परेको म्याग्दी नदी । जङ्गलको एकान्तमा चिटिक्क परेको स्वर्गाश्रम ।

धवलागिरि क्षेत्रका दर्जनौँ ग्रामीण बस्ती । बेलढुङ्गाको शिरमा चढेपछि आँखै अगाडि देखिने यस्तो रमणीय दृश्यावलोकनका लागि यहाँ बागलुङ, बेनी, कुश्मा र पोखरादेखि दैनिकरुपमा पर्यटक आउन थालेका उनले बताए । समुद्री सतहदेखि दुई हजार छ सय १४ मिटर उचाइमा रहेको बेलढुङ्गामा गत वर्ष करिब सात हजार जना आन्तरिक पर्यटक पुगेकामा यस वर्ष त्यो सङ्ख्या अझै बढ्ने उनको भनाइ छ । बेलढुङ्गामा कति पर्यटक आए भन्ने तथ्याङ्क राख्ने आधिकारिक निकाय भने यहाँ छैन । स्थानीयले गाउँको होमस्टेमा बास बस्ने र गाउँका होटल तथा पसलमा चियानास्ता गर्नेको सङ्ख्याका आधारमा कुन वर्ष कति पर्यटक आए भन्ने सङ्ख्या अनुमान गर्नु परेको उनले बताए । बेलढुङ्गाबाट अन्नपूर्ण र धौलागिरि रेञ्जका १२ हिमशृङ्खला, म्याग्दी नदी, कालीगण्डकीसहित म्याग्दी र बागलुङ जिल्लाका खोला तथा झरनाको नागबेली दृश्य, साविकको धौलागिरि अञ्चलका चारवटै जिल्लाका तीन दर्जन बढी गाउँ, वनजङ्गल, जङ्गली जनावर र पक्षीका साथै सूर्योदय र सूर्यास्तको रमणीय दृश्य देख्न सकिने बेनी नगरपालिका– ३ का वडाध्यक्ष पदम पुनले बताए । बेलढुङ्गामा पछिल्लो समय आन्तरिक पर्यटकको आकर्षण बढ्दै जान थालेपछि बेनी–३ भकिम्ली र बागलुङ जिल्लाको काँठेखोला गाउँपालिका–३ ओखलेबीच विकासका पूर्वाधार निर्माण गर्न होडबाजी नै चलेको स्थानीय युवा टीका पुनले बताए । ‘यहाँ पहिलापहिला घाँस दाउरा गर्ने, भेडाबाख्रा चराउने र निगालो खोज्ने यहाँ आउँथे, हेर्दाहेर्दै सहरबजारबाट घुम्न र रमाउन थाले’, उनले भने, ‘गाउँका मान्छेहरु (हामीहरु) रमाउन सहर झर्छौं, सहरका मान्छे गाउँहुँदै जङ्गलतिर उक्लन्छन् ।’

# दूधकोशी आयोजनामा लगानी गर्ने एडिबीको प्रतिबद्धता

**रासस**
**काठमाडौँ ।**
जलाशययुक्त आयोजनाका रुपमा परिचित दूधकोशीमा एसियाली विकास बैंक(एडिबी)ले लगानी गर्ने प्रतिबद्धता जनाएको छ । आयोजनाको क्षमता कूल छ सय ३५ मेगावाट रहेको छ । नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, एडिबीका महानिर्देशक रमेश सुब्रमण्यम र एडिबी नेपाल आवासीय नियोगका निर्देशक आर्नोड कुश्वा सम्मिलित टोलीले आयोजनाको स्थलगत निरीक्षण गरेको छ । टोलीले आयोजनाको जलाशय क्षेत्र र विद्युत्गृहस्थलको निरीक्षण गर्दै बाँधस्थल खोटाङको रबुवा बजारमा स्थानीय तहका जनप्रतिनिधिसँग अन्तरक्रिया गरेको थियो । कार्यक्रममा महानिर्देशक सुब्रमण्यमले आयोजना अगाडि बढाउन उच्च तहबाट भएको यो करिब–करिब अन्तिम निरीक्षण भएको भन्दै एडिबीको नेतृत्वमा जतिसक्दो छिटो वित्तीय व्यवस्थापन गर्न लागिएको बताए ।

आयोजनालाई स्थानीय बासिन्दाबाट स्वीकार्ययता रहेको उल्लेख गर्दै ३८ वर्षदेखि चर्चामा रहेका आयोजनाको प्राविधिक, वातावरणीय र सामाजिक पक्षलाई जति सक्दो छिटो टुङ्गो लगाएर निर्माणमा लैजानुपर्ने बताए । आयोजनाको अनुमानित लागत निर्माण अवधिको ब्याजसहित दुई अर्ब २० करोड अमेरिकी डलर (करिब दुई खर्ब २५ अर्ब रुपैयाँ) रहेको छ । यसमध्ये ऋणबाट एक अर्ब ६८ करोड डलर ऋणबाट र बाँकी स्वपुँजीबाट जुटाएर वित्तीय व्यवस्थापन गर्ने गरी तयारी भइरहेको छ । एडिबीको नेतृत्वमा विभिन्न अन्तर्राष्ट्रिय वित्तीय संस्थाबाट आयोजनामा एक अर्ब डलर सहुलितपूर्ण ऋण लगानी हुने छ । यसमध्ये एडिबीले आयोजनामा ५५ करोड डलरको सहुलियतपूर्ण ऋण लगानीको प्रतिबद्धता जनाएको छ । एडिबी नेपाल आवासीय नियोगका निर्देशक आर्नोड कुश्वाले निर्णय प्रक्रियालाई तीव्रता दिन लगनशीलताका साथ काम गरिरहेको र नेपाल सरकारसँग बारम्बार वार्तामा संलग्न रहेको बताए । उनले दूधकोशी जलाशययुक्त जलविद्युत् आयोजना एक ‘मेगाप्रोजेक्ट’ र सार्क क्षेत्रको अहिलेसम्मको सबैभन्दा ठूलो बाँध आयोजना भएको भन्दै स्थानीय समुदायमा धैर्यता राख्न आग्रह गरे । प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले नेपालको विद्युत् प्रणालीका लागि दूधकोशी महत्वपूर्ण आयोजना भएकाले एक वर्षभित्रमा (सन् २०२४ डिसेम्बर) एडिबीको नेतृत्वमा वित्तीय व्यवस्थापन गर्ने गरी काम भइरहेको बताउनुभयो । यसका लागि अहिले प्राविधिक, वातावरणीय र सामाजिक विषयहरुलाई अन्तिम रुप दिने काम भइरहेको उनले उल्लेख गरे । कार्यक्रममा स्थानीय तहका जनप्रतिनिधिले आयोजना अगाडि बढ्न नसक्दा स्थानीय रुपमा विकास निर्माणका क्रियाकलाप ठप्प भएकाले आयोजनाका विषयमा रहेको अन्यौलता तत्काल हटाउन आग्रह गरेका थिए । उनीहरुले आयोजनालाई अगाडि बढाउन स्थानीय रुपमा आवश्यक सहयोग र सहजीकरण गर्ने प्रतिबद्धता जनाएका थिए । कार्यक्रममा चिसङ्खुगढी गाउँपालिका, ओखलढुङ्गाका अध्यक्ष निशान्त शर्माले आयोजनाको लामो अध्ययन चरणलाई तीव्रता दिई जग्गाको मुआब्जा वितरण र निर्माण तत्काल थालनी गर्नुपर्ने धारणा राखे । शर्माले यसक्षेत्र भौगोलिक रुपमा दुर्गम तथा आर्थिक रूपमा अविकसित रहेको र यसै आयोजनाका कारण पुल, सडक निर्माण जस्ता पूर्वाधार विकासका विभिन्न आयोजना ठप्प भएकाले बाहिरी बसाइँसराइको दर बढ्दै गएको चिन्ता व्यक्त गरे । उनले यस आयोजनालाई सफल पार्न स्थानीय तहको सम्पूर्ण सहयोग रहेको बताए । त्यसैगरी, खोटाङको हलेसी तुवाचुङ नगरपालिकाकी प्रमुख विमला राईले स्थानीय बासिन्दाको लामो समयको प्रतिक्षाको अन्त्य हुने विश्वास व्यक्त गर्दै यो आयोजनाको काम चाँडो सुरु हुने विश्वास व्यक्त गरे । प्रमुख राईले हलेसी तुवाचुङ नगरपालिका र खोटाङमा रहेको बसाइँसराइको प्रवृत्तिबारे जानकारी दिँदै आयोजना तत्काल सुरु भए बसाइँसराइको दरमा कमी आउन सक्ने सङ्केत गरे । उनले आफू र स्थानीय समुदायले यो आयोजना विभिन्न चरणमा अगाडि बढिरहेको र समयमै सम्पन्न गर्न आतुर रहेको बताए । र, यहाँको समुदाय यस आयोजनालाई सफल बनाउन मानसिक र भौतिक रूपमा तयार रहेको आश्वासन दिए । खोटाङको रावबेसी गाउँपालिकाका अध्यक्ष फटिककुमार श्रेष्ठले आयोजनाबाट प्रभावित जनताको जीविकोपार्जनमा सुधार आउने आशा व्यक्त गरे । उनले आयोजना छिट्टै सुरु हुनेमा आफू पनि विश्वस्त रहेको बताए ।

श्रेष्ठले आयोजनालाई प्रभावित जिल्ला हरेक व्यक्तिले सहयोग गर्न तयार रहेको प्रतिबद्धता जनाए । दूधकोशी जलविद्युत कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत विमल गुरुङले आयोजनाको ऐतिहासिक सन्दर्भ, मुख्य प्रस्तावित संरचना तथा आयोजनको प्रगतिको वर्तमान अवस्थाका बारेमा जानकारी दिएका थिए । उनले आयोजनाको काम सुरु गर्न आफ्नो दृढता प्रतिबद्धता व्यक्त गर्दै एडिबीबाट चाँडोभन्दा चाँडो आर्थिक सहयोग प्राप्त हुने आशा व्यक्त गरे । गुरुङले आयोजनाले पहुँच सडक, पुल, र अन्य सम्बन्धित पूर्वाधार निर्माण र मर्मतसम्भार जस्ता अन्य विभिन्न गतिविधिहरू समेट्ने उल्लेख गरे । आयोजना निर्माणबाट खोटाङ, ओखलढुङ्गा र सोलुखुम्बु जिल्लाका तीन हजार १ सय ३९ घरधुरी प्रभावित हुने छन् । जसमध्ये दुई सय ३८ घरधुरी पूर्ण दुई हजार नौ सय एक घरधुरी आंशिक रुपमा प्रभावित हुनेछन् । आयोजनाका लागि करिब ३० हजार रोपनी जग्गा अधिग्रहण गर्नुपर्ने छ । जग्गा अधिग्रहणका लागि प्रक्रिया अगाडि बढाइएको छ । आयोजनाबाट वार्षिक रुपमा तीन अर्ब ४४ करोड युनिट विद्युत् उत्पादन हुने छ । यसमध्ये सुख्खायाममा एक अर्ब ३६ करोड र वर्षायाममा दुई अर्ब ८ करोड युनिट विद्युत् उत्पादन हुने छ । आयोजनाको निर्माण अवधि सात वर्षको रहेको छ ।

# विपक्षीको फोन ट्याप आरोपको अनुसन्धान गर्दै भारत सरकार



**एएफपी**
**नयाँदिल्ली ।**
भारतको साइबर सुरक्षा एकाइले एप्पल आइफोनमा 'राज्य–प्रायोजित आक्रमणकारीहरू' को चेतावनी प्राप्त गरेपछि फोन ट्यापिङको प्रयास भएको भन्ने विपक्षी नेताहरूको आरोपको अनुसन्धान गरिरहेको सञ्चारमाध्यमले बिहीबार बताएका छन् । भारतको कम्प्युटर इमरजेन्सी रेस्पोन्स टिम (सिआइआरटी–इन) ले उजुरीहरूको अनुसन्धान सुरु गरेको प्रेस ट्रस्ट अफ इन्डिया (पिटिआई) ले जनाएको छ ।
'एप्पलले अनुसन्धानमा सहयोग गर्नेछ', इलेक्ट्रोनिक्स तथा सूचना मन्त्रालयका सचिव एस कृष्णनको भनाइ उद्धृत गर्दै पिटिआईले भनेको छ । सूचना तथा प्रविधिमन्त्री अश्विनी वैष्णवले मङ्गलबार सरकार उजुरीहरूबाट 'चिन्तित' भएको बताए । 'भारत सरकार सबै नागरिकको गोपनीयता र सुरक्षाको रक्षा गर्ने आफ्नो भूमिकालाई अत्यन्त गम्भीरताका साथ लिन्छ र यी सूचनाहरूको जरैसम्म अनुसन्धान गर्नेछ', सामाजिक सञ्जालमा उनले भने । विपक्षी काङ्ग्रेस पार्टीका नेता राहुल गान्धीले आफ्नो कर्मचारीका साथै शशि थरुर, महुआ मोइत्रा र प्रियङ्का चतुर्वेदीसहित विपक्षी सांसदहरूलाई पनि आइफोनबाट चेतावनी सन्देश प्राप्त भएको बताए ।
'सरकारले चाहे जतिसुकै फोन ट्यापिङ गरोस्, मलाई कुनै फरक पर्दैन, उसले मेरो फोन लिन सक्छ, मलाई कुनै डर छैन', गान्धीले मङ्गलबार भने । भारत सरकारमाथि सन् २०२१ मा राजनीतिक विरोधी, कार्यकर्ता र पत्रकारहरूमाथि निगरानी राख्नका लागि विवादास्पद पेगासस स्पाइवेयर प्रविधिको प्रयोग गरेको आरोप लगाइएको थियो । यद्यपि सरकारले आरोपलाई अस्वीकार गरेको छ । एप्पलले यो मामिलामा कुनै टिप्पणी गरेको छैन । यद्यपि उसको वेबसाइटमा धम्कीपूर्ण सूचनाहरू 'राज्य–प्रायोजित आक्रमणकारीहरूबाट लक्षित हुनसक्ने प्रयोगकर्ताहरूलाई सूचित गर्न र सहयोग गर्न डिजाइन गरिएको' भनी व्याख्या गरिएको छ ।

# इरानमा बन्धकबारे प्रत्यक्ष वार्ता

**एएफपी**
**बैङ्कक ।**
थाई अधिकारीहरूले प्यालेस्टिनी आतङ्कवादी समूहद्वारा इजराइल हमलामा बन्धक बनाइएका २२ थाईको अवस्थाका बारेमा गत साता इरानमा हमाससँग प्रत्यक्ष वार्ता गरेको थाई प्रतिनिधि मण्डलका प्रमुखले बताएका छन् । वार्ताकारहरूले गत बिहीबार तेहरानमा हमासका अधिकारीहरूसँग भेटेका थिए । भेटमा हमासले थाई बन्धकलाई 'उचित समय' मा रिहा गरिने बचन दिएको अरिपेन उत्तरासिनले बुधबार बैङ्ककमा पत्रकारहरूसँग भने । इजराइली अधिकारीहरूका अनुसार अक्टोबर ७ मा गाजापट्टीबाट हमासले सुरु गरेको हमलामा अधिकांश सर्वसाधारणसहित एक हजार चार सय मानिसको ज्यान गएको थियो । हमासले दुई सय ३० भन्दा बढीलाई बन्धक बनाएको थियो । जवाफमा इजराइली सेनाले गाजामाथि हमला गर्दा आठ हजार सात सयभन्दा धेरै गाजाबासी मारिएको हमास नियन्त्रित स्वास्थ्य मन्त्रालयले जनाएको छ । थाई संसद्का अध्यक्षद्वारा नियुक्त तीन सदस्यीय वार्ता टोलीको नेतृत्व गर्ने अरिपेनले इरानमा हमासका अधिकारीहरूसँग दुई घन्टा बैठक बसेको जानकारी दिए ।
'उनीहरू निर्दोष रहेको भन्दै मैले थाई बन्धकको रिहाइका लागि कुरा गरेँ', उनले भने, 'उनीहरूले थाई बन्धकको राम्रो हेरचाह गरिएको मलाई आश्वासन दिएका छन् तर उनीहरूको रिहाइको मिति बताउन सकेनन्, उनीहरू उचित समयको प्रतीक्षा गरिरहेका थिए ।' 'उनीहरूले हाम्रो चिन्तालाई स्वीकार गरेका छन् । थाइल्यान्डले मुस्लिम समुदायलाई दया र लाभ देखाएको छ भन्ने उनीहरूलाई थाहा छ, उनीहरू थाइल्यान्डलाई सम्मान गर्छन्', अरिपेनले भने । प्रधानमन्त्री श्रेथा थाभिसिनले थाई बन्धकहरूलाई स्वदेश फर्काउन कडा मेहनत गरिरहेको बताएका छन् । साथै विदेशमन्त्रीले यसै साता कतार र इजिप्टसँग कुराकानी गरेका छन् । कतारका प्रधानमन्त्री शेख मोहम्मद बिन अब्दुलरहमान अल–थानीले खाडी क्षेत्रको स्थितिको 'जटिलता' भए पनि बन्धकहरूलाई मुक्त गराउने प्रयासलाई अगाडि बढाइरहेको बताएका छन् । प्रधानमन्त्री थाभिसिनले बुधबार राति इजराइली प्रधानमन्त्री बेन्यामिन नेतान्याहुसँग टेलिफोन कुराकानी गरेका थिए । 'उहाँले मलाई थाई बन्धकहरूको तुरुन्त सहयोगका लागि सक्दो प्रयास गरिने बताउनुभएको छ', प्रधानमन्त्री थाभिसिनले भने । पछि नेतान्याहुको कार्यालयले इजराइलका सबै बन्धकलाई मुक्त गराउन सक्दो प्रयास गरिरहेको प्रधानमन्त्री थाभिसिनलाई आश्वासन दिएको बताएको थियो । द्वन्द्व सुरु हुँदा इजराइलमा करिब ३० हजार थाईले काम गरिरहेका थिए । तीमध्ये अधिकांश कृषि क्षेत्रमा संलग्न थिए । मन्त्रालयका अनुसार द्वन्द्वमा कम्तीमा ३२ थाईको मृत्यु र १९ जना घाइते भएका थिए । थाइल्यान्डले इजराइलमा रहेका सात हजार नागरिकलाई विमानमार्फत स्वदेश फर्काएको छ ।

# नेपाल ओमानसँग पाँच रनले पराजित

**मधेशदृष्टि**
**वीरगंज ।**
आइसिसी टि–२० विश्वकप एशिया क्षेत्रको फाइनल छनोटअन्तर्गत बिहीबार भएको खेलमा नेपाल ओमानसँग पराजित भएको छ । कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा भएको खेलमा नेपाल ओमानसँग पाँच रनले पराजित भएको हो । योजितसँगै ओमान समूह ए को विजेता तथा नेपाल उपविजेता बन्यो । ओमानले दिएको १४६ रनको चुनौती पछ्याएको नेपाल निर्धारित २० ओभरमा ९ विकेट गुमाउँदै एक सय ४० रन मात्र बनाउन सक्यो । नेपालका विवेक यादवले २४ बलमा ५ छक्कासहित सर्वाधिक ३९ रन बनाए । त्यस्तै कुशल भुर्तेलले २६ रन बनाए भने करण केसीले १५ रन जोडे । नेपालले सुरुआतदेखि नै लगातार विकेट गुमाएको थियो । आसिफ शेखले पाँच रन जोड्दै आउट भए भने सोमपाल कामी, कप्तान रोहितकुमार पौडेल र सन्दीप जोराले समान १२÷१२ रन जोड्दै आउट भए । त्यस्तै गुलशन झाले ३ रन जोडे । ओमानका विलाल खानले तीन विकेट हात पारे भने आकिब इलियास, सकिल अहमद र मेहरान खानले समान दुई÷दुई विकेट लिए । त्यस्तै कप्तान जिशान मकसुदले एक विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको ओमानले निर्धारित २० ओभरमा ९ विकेट गुमाउदै एक सय ४५ रनको योगफल बनाएको थियो । ओमानका लागि जिशान मकसुदले सर्वाधिक ३२ रनको योगदान दिए । उनले २६ बलमा १ चौका र ३ छक्कासहित ३२ रन बनाएका हुन । त्यस्तै नसिम खुसीले २५ रन बनाए भने प्रतीक अथभलले २४, सकिल अहमदले २२ तथा आयान खानले १८ रन बनाए । नेपालका लागि करण केसीले तीन विकेट लिए भने सोमपाल कामी र सन्दीप लामिछानेले समान दुई÷दुई विकेट लिए । त्यस्तै गुलशन झा र अभिनाश बोहोराले समान एक÷एक विकेट लिए । नेपालले आज हुने सेमिफाइनल खेलमा समूह बी को विजेता युएईसँग खेल्नेछ ।

# कागतीले बजार पाएन



**रासस**
**वालिङ ।**
स्याङ्जामा किसानले उत्पादन गरेको कागतीले यस वर्ष उचित बजार पाउन सकेको छैन । वालिङ नगरपालिका–१४ अमलडाँडाका यामप्रसाद पौडेलले गत वर्ष कागती बिक्री गरेर ६ लाख रुपैयाँ आम्दानी गरेका थिए । यसपाली बजार अभावका कारण कागती बोटमै छ । उनले हालसम्म बिक्री गर्न सकेका छैनन् । कागतीले बजार नपाउँदा पौडेल चिन्तित छन् । 'गत वर्ष कागती बिक्रीबाट राम्रै आम्दानी भएको थियो', उनले भने, 'यस वर्ष सिजन (याम) मै बजार पाउन सकेको छैन, बजार नपाएकै कारण कागती बोटमै छ ।' बजार पाउन सकेमा तत्कालै झण्डै एक टनसम्म कागती बिक्री गर्न सकिने पौडेल बताउँछन् । 'कसैले बजार सुनिश्चित गरे एक टनसम्म कागती बिक्री गर्न सकिन्छ', उनले भने । स्थानीय बजारमा दैनिक १०÷१५ किलोमात्रै कागती खपत हुने गरेको उनले बताए । 'दिनभर बजार डुलाउँदा मुश्किलले १०÷१५ किलो मात्र बिक्री हुन्छ । बजार नपाउँदा दिक्क लागेको छ', पौडेल भन्छन् । पौडेलले स्याङ्जाका वालिङ, गल्याङ, बयरघारी, पुतलीबजारलगायत बजारका तरकारी पसल र होटलमा कागती बिक्री गर्दै आएका छन् । उनले २०७२ सालमा 'पौडेल कागती फार्म' दर्ता गरी पाँच रोपनीमा एकसय ५० कागतीका बोट लगाएका थिए । 'सुन कागती २' जातको कागतीका बेर्ना ल्याएर लगाएका पौडेलको अहिले दश रोपनी क्षेत्रफलमा तीन सय कागतीका बोट छन् । आठ वर्ष पहिला विदेशबाट नेपालमा करोडौँ रुपैयाँको कागती आयात हुने गरेको सुनेर कागती खेतीमा होमिएको पौडेलको भनाइ छ । 'सुरुका दिनमा पाँच रोपनी क्षेत्रफलमा एक सय पचास कागतीका बिरुवा लगाएँ', उनले भने, 'कागतीको उत्पादन र बजार राम्रो भएपछि पुनः पाँच रोपनी जग्गा किनेर फेरि एकसय ५० बिरुवा थपेँ ।' सुरुमा लगाएका बोटले केही वर्षअघिदेखि उत्पादन दिँदै आएको र पछि लगाएको बोटले आगामी वर्ष फल दिने उनले बताए । विगत वर्षमा कागतीलाई ग्रेडिङ गरी प्रतिकिलो एक सय ३० देखि दुई सय रुपैयाँसम्म बिक्री गर्ने गरिएको थियो । कागतीले बजार पाए यस वर्ष १२ लाख रुपैयाँसम्म आम्दानी गर्न सकिने पौडेलको विश्वास छ । अन्य बाली लगाउँदा बाँदरको समस्या हुने गरेकाले व्यावसायिकरुपमा कागती खेती गरेको उनी बताउँछन् । कागती भण्डारण गर्न शीतभण्डार नहुँदा पनि पौडेललाई समस्या भएको छ । 'भण्डारण गर्न पाए पछि उचित मूल्य पाइन्थ्यो कि भन्ने लागेको छ', उनले भने ।

# नेपालमा लगानी गर्न मन्त्री साउदको अनुरोध



**रासस**
**वासिङ्टन डिसी ।**
परराष्ट्रमन्त्री एनपी साउदले नेपाल लगानीका लागि उत्कृष्ट स्थान भएकाले अमेरिकी लगानीकर्तालाई लगानीको अवसरमार्फत लाभ लिन आग्रह गरेका छन् । मन्त्री साउदले नेपालमा गरिएको लगानीको मुनाफा र पुँजी फिर्ता लैजाने संवैधानिक व्यवस्था गरिएकाले लगानीमैत्री वातावरण निर्माण भएको बताए । नेपाल सरकारले लगानीमैत्री वातावरण बनाउन र लगानी आकर्षित गन्तव्यको रुपमा विकास गर्न कुनै कसर नराख्ने उनको भनाइ थियो । अमेरिकाको औपचारिक भ्रमणमा आउनुभएका मन्त्री साउदले अमेरिका चेम्बर अफ कमर्सका सदस्यसँग बुधवार वासिङ्टन डिसीमा अन्तक्रिया गर्दै आग्रह गरेका हुन् । उनले भने, 'विश्वमा कार्बन उत्सर्जनलाई कम गर्न स्वच्छ ऊर्जाको उपयोग बढाउँदै लैजानुपर्ने अवस्थामा नेपालमा भएको बिजुली ठूलो मात्रामा छिमेकी देशमा उपलब्ध गराउन सकिन्छ, यसका लागि अमेरिकी निजी क्षेत्रले आर्थिक तथा प्राविधिक स्रोत परिचालन गरेर लाभ हासिल गर्न सक्छन् ।' मन्त्री साउदले नेपालको सूचना प्रविधि क्षेत्र अर्को संभावना भएको उल्लेख गर्दै सक्षम जनशक्ति, भाषागत दक्षता, मानव संशाधनको सहज उपलब्धता आदि कारणले यसमा लगानी गर्न पनि अनुरोध गरे । उनले भने, 'नेपालको आर्थिक रुपान्तरणमा सूचना प्रविधि गेम चेञ्जर हुनेमा म विश्वस्त छु ।' सूचना प्रविधीको कम्पनी स्थापनाका लागि सय रुपैयाँमा नै कम्पनी खोलेर वैदेशिक प्रत्यक्ष लगानी गर्नसक्ने गरी सरकारले नयाँ नीति लागू गरेको उनले बताए । अरु क्षेत्रका लागि न्यूनतम दुई करोड रुपैयाँ लाग्ने मन्त्री साउदको भनाइ थियो । मन्त्री साउदले वैदशिक लगानीका लागि वाणिज्य विभागमा एकद्वार प्रणालीमार्फत सहजीकरण गर्दै आएको उल्लेख गर्दै भने, 'नेपालले वैदेशिक लगानीको स्वचालित प्रणालीअनुरुप १० करोड रुपैयाँसम्मको लगानीका लागि पूर्वस्वीकृत लिन नपर्ने व्यवस्था गरेको छ ।' अमेरिकाको चेम्वर अफ कमर्सले नेपालमा स्थापना भएको अमेरिकन चेम्बर अफ कमर्स इन नेपाललाई वैधानिकता प्रदान गरेको थियो । एमच्याम्वरका संस्थापक अध्यक्ष अजित शाहले वैधानिकताको प्रमाणपत्र ग्रहण गरेका थिए । कार्यक्रममा अमेरिकन चेम्बर अफ कमर्सका वरिष्ठ उपाध्यक्ष तथा अन्तर्राष्ट्रिय सम्बन्ध समितिका प्रमुख जोन मुर्फे र अर्का उपाध्यक्ष अतुल कश्यपले नेपालमा अमेरिकी लगानीकर्ताको चासो बढेको बताएका थिए । कार्यक्रममा अमेरिकन चेम्बर्स अफ कमर्सका प्रतिनिधि, नेपालका लागि अमेरिकी राजदूत डिन आर थम्पसन्, अमेरिकाका लागि नेपालका राजदूत श्रीधर खत्रीलगायत दूतावासका अधिकारी, परराष्ट्र मन्त्रालयका कर्मचारीको समेत उपस्थिति थियो । नेपालले पछिल्ला वर्षमा आर्थिक कूटनीतिलाई उच्च प्राथमिकतामा राखेर वैदेशिक लगानी, पर्यटन प्रवद्र्धनलगायत क्षेत्रमा नेपाली नियोगलाई परिचालन गर्दै आएको छ ।

# किसान भन्छन्: 'कृषि अनुदान भन्ने थाहा छैन'

**रासस**
**बागलुङ ।**
शिरमा हरियो गलबन्दी, शरीरमा मैलिएका कपडा । बुढ्यौउली उमेर, चाउरिएका अनुहार ढल्दै गरेको उमेर । तर पनि काम गर्ने जोस जाँगर भने कत्ति पनि घटेको देखिन्न । हिजोआज पहेँलो त्रिपालले छाएको गोठ छेउमै भटिन्छन्, रनबहादुर सिर्पाली । गोठ वरपर दुई सय ५० बढी भेडाबाख्रा चरिरहेका देखिन्छन् । युवावस्थामा एक सय ५० सय भेडाबाख्रा पालेको सुनाउने उनले अहिले तागत घट्दै गएपछि कम पाल्न थालेको बताउँछन् । बागलुङको सबैभन्दा दुर्गम गाउँ तमानखोला गाउँपालिका–५ का उनले व्यावसायिक रुपमा भेडापालन गर्न थालेको ६३ वर्ष भयो । नौ वर्षकै उमेरदेखि गोठालो गर्न थालेका सिर्पाली अहिले ७२ वर्ष पूरा भए । एउटै पेसामा यति लामो समयसम्म निरन्तरता दिई राख्ने सायदै होलान् । सरकारी कर्मचारी भए पनि २० वर्ष मात्रै जागिरमा रहन्छन् । तर सिर्पाली दशकौँसम्म एउटै पेसामा अनवरत रुपमा लागि राखेका छन् । बिहान उठेदेखि राति नसुतुञ्जेलसम्म भेडाबाख्राको स्याहारमै व्यस्त हुने उनी दशैँ अगाडि मात्रै बुकीबाट झरेका थिए । विकट गाउँमा जन्म हुँदा सानैबाट गोठालोमा लाग्नुपरेको उनले गुनासो गरे । आफ्नो बाल्यकालमा अहिलेको जस्तो पढ्ने लेख्ने चलन नभएको हुँदा आफूले पढ्न नपाएको उनी बताउँछन् । अहिले तमानखोला दुर्गम नै मानिन्छ । पहाडैपहाडले घेरिएको तमानखोलाका अधिकांश नागरिक रनबहादुर जस्तै पशुपालनमा लागेका छन् । अग्ला भिर पाखा र पशुपालनका लागि राम्रो वातावरण रहेको हुँदा हजारौँ पशु पाल्न सहज हुने उनको भनाइ छ । अझै १० वर्ष एक डेढसय भेडा पाल्न सक्ने उनी बताउँछन् । गाउँमा पाका पूर्खादेखि खेतीपाती गर्ने र पशुपालन गर्दै आएको हुँदा आफूले पनि सानैदेखि यही पेसा अङ्गाल्दै आएको उनले बताए । पछिल्लो समय नयाँ पुस्ता भेडापालनमा चसो नदिँदा परम्परागत पेसा हराउना थालेको उनी बताउँछन् । चार वर्ष अगाडिसम्म बुकीमा हजारौँ भेडा र



सयौँ गोठाला भेटिने गरेकामा अहिले त्यो सङ्ख्या निकै न्यून भएको सिर्पालीले बताए । समय परिवर्तनसँगै गाउँघरमा पेसा पनि फेरिँदै गएको हुँदा व्यापार व्यवसाय गर्ने बढ्न थालेको उनले बताए । 'सहर बजारमा सुविधा धेरै हुन्छ, हाम्रा गाउँ ठाउँमा बल्ल अलिअलि विकास हुन थालेको छ, पहिले मोटर गाडी देख्न सहर जानुपथ्र्यो, अहिले गाउँमै गाडी गुड्छन्, भेडाबाख्राले पनि अहिले त गाडी देख्न पाए, हाम्रो जमानामा साह्रै दुःख थियो, नून, चामल बटौली (बुटवल) पुगेर ल्याउनुपथ्र्यो, आजभोलि घरमै पाइन्छ', उनले भने, 'हामी सानो–सानो हुँदा गाउँभरिका मान्छेले भेडाबाख्रा पाल्थे, एउटा घरमा कम्तीमा पनि एक सय भेडाबाख्रा र गाईभैँसी हुन्थे, अचेल त्यस्तो छैन, युवा बजार जान थाले, विदेश जान थाले त्यही भएर गोठालो गर्ने पनि घटे ।' सिर्पालीका भेडाको बथानमा काला, सेता र खैरो रङ्गा पाठापाठी र माहु भेडाबाख्रा छन् । हुलमूलमा हराउने हुँदा ती सबैका सिङमा रातो, हरियो लगायतका रंग लगाइएका छन् । बर्खामा बुकी र हिउँदमा बेँसी झर्ने गर्दा घाँस र दाना पु¥याउन सहज हुने भएको छ । भेडापालनबाटै परिवार चलाउँदै आएको उनी बताउँछन् । पाँच भाइबहिनी छोराछोरी यही पेसाबाटै हुर्काएको र पढाएको जनाउँदै तीन छोरा र दुई छोरीको विवाहसमेत भेडा बेचेरै गरेको उनको भनाइ छ । आफूहरुले अहिलेसम्म भेडापालन गर्दै आए पनि छोराछोरीले यसतर्फ चासोनै नदिएको उनी बताउँछन् । उनले भेडा र गोठको सुरक्षाका लागि दुई कुकुरसमेत पालेका छन् । दुई कुकुरलाई गोठको दुई पट्टी बाँधेका छन् । यसले गर्दा गोठ सुरक्षित हुने उनी बताउँछन् । पहिले–पहिले गोठ बलाङ, मान्द्रो (बाँसको चोयाबाट बनेको सामान)ले बनाउने गरेको सुनाउँदै अहिले त्रिपाल र टेन्टले छाउन थालेको उनको भनाइ छ । स्थानीय, प्रदेश र संघीय सरकारले कृषिकका लागि हरेक वर्ष अनुदानका कार्यक्रम ल्याउने गरेको छ । तर ती कार्यक्रमले रनबहादुर जस्ता सयौँ किसानलाई अझै पनि छुनसकेको छैन । उनी भन्छन्, 'कृषि अनुदान भन्ने मलाई थाहा छैन ।'

# विदेहका मेयर दासमाथि कारबाही माग



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेकपा एकिकृत समाजवादी पार्टीका नेता एवं विदेह नगरपालिकाका नगरप्रमुख पदका प्रत्याशी राजकिशोर रोहिताले नगरप्रमुख बेचन दासमाथी कडा कारबाही गर्न माग गरेका छन् ।

नगरप्रमुख दास र उनका भाई प्रदेशसभा सदस्य लखन दासले गुण्डा लगाएर स्थानीयलाई कुटपीट गराउने काम गरेको भन्दै कडा कारबाहीको माग गरेका हुन् ।

विदेह नगरपालिकामा लगातार दोस्रो पटक नगरप्रमुखमा निर्वाचित भएका दासले आलोचना गरेकै भरमा कार्यकर्ता लगाएर अपहरणशैलीमा कुटपीट गराउन लगाएको आरोप लगाउँदै रोहिता अपराधिक छविका नगरप्रमुख दास माथी कडा कारबाही हुनु आवश्यक रहेको बताए ।

गत शुक्रबार साँझ जनमत पार्टी विदेह नगरपालिका वडा नम्बर ८ कमिटीका अध्यक्ष एवं मण्डल केवट सेवा आश्रमको अध्यक्ष पदका प्रत्याशी सुरेश मण्डललाई एमाले मधेसका प्रमुख सचेतक लखन दास र नगरप्रमुख बेचन दासले अपहरणशैलीमा ज्यान मार्ने उद्देश्यले कुटपीट गराएको आरोप उनीहरुको छ ।

उनले नगरप्रमुख बेचन दास र प्रदेशसभा सदस्य लखन दासले सुरेश मण्डललाई कुटपीट गर्दै प्रहरी चौकी तिनकौरियामा बुझाएको दावी समेत गरे । उनले गाली गलौज गरेपछि सुरेश मण्डललाई नगरप्रमुख बेचन दासका मान्छेहरुले घरबाटै अपहरण गरेको र ज्यान मार्ने गरी कुटपीट गरेको आरोप लगाए ।

यता यो घटनाको मुख्य नाइके आफूलाई नगरप्रमुख दासले बताएकोमा आपत्ति समेत जनाए । उनले नगरप्रमुख आफै अपराधिक चरित्रको व्यक्ति रहेको र विभिन्न अपराधिक कृयाकलापमा संलग्न रहँदै आएको बताउँदै आफूलाई बिना कारण यो घटनासंग जोड्न खोजेको बताए ।रोहिताले आफू नगरप्रमुख पदको प्रत्याशी उम्मेदवार रहेकाले घटना के हो बुझ्नु र घटनालाई शान्त पार्ने माहौल बनाउनु आफ्नो दायित्व रहेकाले मात्रै त्यहाँ पुगेको स्पष्ट पारे ।



धनुषाको क्षीरेश्वरनाथ नगरपालिका–४ हरैयाका रामप्रवोध पण्डितले गरेको व्यावसायिक फूल खेती । तिहार लक्षित रोपिएका सयपत्री फूलले सबैको ध्यान तानेको छ । तस्बिरः अजयकुमार साह/रासस

# हँसपुरमा विभिन्न पार्टी परित्याग गर्दै माओवादीमा प्रवेश



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषामा विभिन्न पार्टी परित्याग गरेका नेता तथा कार्यकर्ताहरू नेकपा माओवादी केन्द्रमा प्रवेश गरेका छन् ।

धनुषाको हंसपुर नगरपालिका वडा नम्बर ६ स्थित सोनिगामामा आयोजित शुभकामना आदान प्रदान तथा पार्टी प्रवेश कार्यक्रममा नवप्रवेशीहरुलाई माओवादीमा प्रवेश गरेका हुन् ।

नेपाली कांग्रेस, नेकपा एमाले, जसपालगायतका पार्टीहरु परित्याग गर्ने नवप्रवेशीहरुलाई माओवादी केन्द्र मधेस प्रदेशका इन्चार्ज लीलामणि पोखरेल तथा धनुषा जिल्ला इन्चार्ज अजय शंकर नायकले टीकाटालो र गम्छा ओढाएर स्वागत गरेका थिए ।माओवादी केन्द्र हँसपुर नगरपालिका कमिटीका नगर अध्यक्ष सुनिल यादवको अध्यक्षतामा सम्पन्न भएको यस कार्यक्रममा मधेस प्रदेशकी उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री सुनिताकुमारी यादवसमेतको सहभागिता रहेको थियो ।

# सरिता बनिन् मधेश प्रदेश सरकारको स्वास्थ्य मन्त्री !




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
महिला सशक्तिकरण अभियान अन्तर्गत मधेश प्रदेशमा धनुषा कमला नगरपालिकाकी १४ वर्षीय किशोरी कक्षा सातमा अध्यनरत्त सरिता कुमारी यादव सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्री बनेकी छन् ।

अन्तर्राष्ट्रिय बालिका दिवसको अवसरमा ११ अक्टोवरदेखि सुरु भएको प्लान इन्टरनेशनल नेपालको 'गल्र्स टेक ओभर' अर्थात् 'बालिका तथा किशोरीलाई पद हस्तान्तरण' कार्यक्रम अन्तर्गत बिहिबार प्रतिकात्मक रुपमा उहाँलाई मधेश प्रदेश सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्री बनाइएको हो ।

मधेश प्रदेश सरकारका स्वास्थ्य तथा जनसंख्या मन्त्री बिरेन्द्र प्रसाद सिंहले आफू बसेको कुर्सी खाली गरेर सरितालाई केही वेरका लागि मन्त्री पदको जिम्मेवारी हस्तान्तरण गरेका थिए । मन्त्रीको पदभार ग्रहण गरेपछि संचारकर्मीलाई प्रतिक्रिया दिदै सरिताले जिवनमा मन्त्री बन्छु भन्ने कुरा कहिले पनि आफुले नसोचेको र आज आफु मन्त्रीको कुर्सीमा वस्न पाउंदा आफुलाई भाग्यमानी ठानेको बताए । केही वेरका लागि मन्त्री बन्नेका सरिताले स्वास्थ्य मन्त्रालयमा उपस्थित कर्मचारीहरु सँग मन्त्रालयको कार्यक्षेत्र र हाल सम्म मन्त्रालयले गरेका कामकाजको विषयमा जानकारी लिएका थिए । उनीलाई मन्त्रालयको कार्यक्षेत्र र मन्त्रालयले गरेको कामकाज को बारेमा मन्त्रालयको स्वास्थ्य महाशाखा योजना प्रमुख डा.सुचित शर्माले जानकारी गराएका थिए । साथै आम नागरिकलाई स्वास्थ्य क्षेत्रमा भोग्नुपरेको समस्या र त्यसका निदानका लागि मन्त्रालयले चाल्नु पर्ने कदमको विषयमा धनुषाको विदेह र जनकनन्दनी नगरपालिकाका किशोरीहरुले मन्त्री सरितालाई स्वास्थ्यमा देखापरेका समस्याहरुका वारेमा अवगत गराउनु भएको थियो । केही वेरका लागि मन्त्री बनेका सरिताले आम नागरिकले उठाएका विषयवस्तुलाई सम्बोधन गर्नका लागि मन्त्रालयमा उपस्थित स्वास्थ्य तथा जनसंख्यामन्त्री बिरेन्द्र सिंहलाई आग्रह गर्नु भएको थियो । उक्त कार्यक्रममा स्वास्थ्य मन्त्रालय सँग उठेका विषयवस्तु वारे जवाफ दिदै मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री बिरेन्द्र सिंहले स्वास्थ्य क्षेत्रमा सुधार भएको अनुभूति आम नागरिकले गर्ने किसिम बाट मन्त्रालयले कामकाज गरीरहेको साथै स्वास्थ्य क्षेत्रलाई समृद्ध बनाउन आफू निरन्तर प्रयासरत रहेको बताएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्री सिंहले यस आर्थिक वर्षमा जनशक्ति व्यवस्थापन, उपकरणको खरिद र भौतिक पुर्वाधारको निमाणर् हुने किसिमले बजेट बिनियोजन भएको बताँउदै फागुन मसान्त सम्ममा प्रत्येक प्रादेशिक अस्पतालमा जनशक्ति र उपकरणको प्रयाप्त व्यवस्थापन गरिने बताए ।

उनले स्वास्थ्य सम्बन्धीे हरेक गतिविधिमा एकरुपता कायम गर्न संघ संस्थाहरु सँग मन्त्रालयले सहकार्य गरी अघि बढन तयार भएको भन्दै यस प्रकारको कार्यक्रमलाई अझै प्रभावकारी बनाउनका लागि व्यापकता दिन उनले प्लान इन्टरनेशनललाई आग्रह गरे ।

प्लान इन्टरनेशनल नेपालका प्रत्याभूत संचार संयोजक अन्जु साकयले कार्यक्रम संचालन गर्दै हाल सम्म ५१ जना किशोरीले विभिन्न पदको पद हस्तान्तरण'गरी सकेको र अझै यो अभियान जारी रहने बताए ।

कार्यक्रममा प्लान इन्टरनेशनल नेपालका पुर्व क्षेत्रिय कार्यालयका क्षेत्रिय प्रबन्धक रविशंकर पंडितले किशोरीहरुको समान शत्ति ,समान स्वतन्त्रता र समान प्रतिनिधित्वका लागि अभियान संचालन गरिएको जानकारी दिदै विश्वको ७५ वटा देशमा यो कार्यक्रम भइरहेको बताउनु भयो । समाजमा जकडिएको लैंगिक विभेदका कारण बालकको तुलनामा बालिका तथा किशोरीहरू बढी विभेद, हिंसा, दुव्र्यवहारको जोखिममा हुने भएकोले यस प्रकारको कार्यक्रमले बालिकाहरुको आत्मबल बढने प्लान इन्टरनेशनल नेपालका काजल झाले बताए । कार्यक्रममा विभिन्न क्षेत्रका व्यक्तिको सहभागिता रहेको थियो ।

# मोनाष्टिक स्कूलमा एसक्युसीमा ८ औं हब सम्मेलन सम्पन्न




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशकै चर्चित विद्यालय मोनाष्टिक आवासीय विद्यालयमा एसक्युसीमा आठौँ हब सम्मेलन सम्पन्न भएको छ ।

विद्यार्थीको व्यक्तिगत विकास तथा गुणस्तरीय शिक्षालाई मध्यनजर गर्दै मोनाष्टिक स्कूलमा आठौं हव कन्भेन्सन गरिएको हो ।धनुषा तथा महोत्तरीका १३ वटा विद्यालयका २५० जना विद्यार्थीहरु सहभागि रहेको उक्त कार्यक्रममा विद्यार्थीहरुले केस स्टडि प्रस्तुतिकरण, घटनाक्रम केस स्टडी प्रस्तुति, कहानी निर्माण, सहयोगात्मक कोलाज तथा प्यानल डिस्कसन लगायतका शैक्षिक विधाहरुमा आफ्नो प्रस्तुतिमार्फत उनीहरुसँग भएका प्रतिभा आदानप्रदान गरेका छन् ।क्वेस्ट नेपालका महासचिव सिंह बहादुर लामाको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा जनकपुरधाम क्षेत्रका मोनाष्टिक आवासिय माध्यमिक विद्यालय, अन्नपूर्ण स्कुल, दर्शनिया स्कुल, सिन्हा पब्लिक स्कुल, मोडर्न स्कुल, जेनिथ नेशनल एकेडमी, ज्ञान मन्दिर स्कुल लगायत १३ वटा विद्यालयका कुल २५० जना छात्रछात्राहरु सहभागी थिए ।

# सिपमूलक तालिम र सहयोगले स्वदेशमै बस्न रुचाए युवा




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
प्रकोप ब्यबस्थापन अध्ययन केन्द्रले मटिहानी नगरपालिका महोत्तरीको वडा १, ७ र ९ मा युएसएआइडिको आर्थिक सहयोगमा तथा मटिहानी नगरपालिकाको समन्वयमा“यु एस ए आइ डि लोकलवोर्क्सः महोत्तरी“ परियोजना अन्र्तगत२०८९ साल असार देखि विभिन्न कार्यक्रमहरु गर्दै आएको छ । 'युएसएआइडि लोकलवोर्क्सः महोत्तरी' परियोजनाले मटिहानीका स्थानीय युवाहरुलाई सिपमुलक तालिम र १५००० आर्थिक सहयोग गरेको छ । स्थानीय किसान तथा युवाहरुलाई सानो लगानी र सिपले आफनो जीवनमा सुधार ल्याउन सक्ने उद्देश्यले तालिम दिएको हो ।

बिभिन्न सिपमुलक तालिमहरुको माध्यमबाट जम्मा७५ जना स्थानीय किसान तथा युवाहरुलाई ६ दिनको अगरबती तथा बाँसको सामाग्री बनाउने तालिम, १० दिनको लाह चुरा बनाउने तालिम, ३ दिनको तयारी खाना बनाउने तालिम, १५ दिनको मोटरसाईकल मर्मत तालिम, १५ दिनको ईलेक्ट्रिसियन तालिम, र १५ दिनको मोबाईल मर्मत तालिम दिएको छ ।

विश्वव्यापीमहामारी, विपदलगायतअन्यविविधकारणले घरपरिवार र समुदायमाआएको आर्थिक बोझतथाप्रभावलाई न्यूनिकरण गरी सीमान्तकृत समुदायकामहिला, बालबालिका, वृद्ध, वैदेशिक रोजगारी बाट फर्केकाआप्रवासी र अपाङ्गता भएका ब्यक्ति भएको घरधूरिलाई जीविको पार्जनमा सहयोग गर्नका लागी परियोजनाले संचालन गरेका नर्सरी, च्याउ, कुखुरा पालन, करेसाबारी, खनिज ढिक्का तथा बगरखेती सम्बन्धी तालिम, बिउ बिजन बितरण तथानगद सहयोग ,वातावरण सँरक्षण र जलवायु परिवर्तन हुने उद्देश्यले मटिहानी नगरपालिकाको वार्ड १,७ र ९ माफलफुलको जम्मा १००० बिरुवा रोप्ने काम सके लगतै प्रकोप ब्यबस्थापन अध्ययन केन्द्रले स्थानीय युवाहरुलाई सिपमुलक तालिममार्फत सिपमा आधारित बिभिन्न किसिमको तालिम दिएर ७५ जनालाई उहाहरुकै खातामा १५००० को दरले नगद सहयोग योजना रहेको छ ।

हाथमासिप र नगद सहयोग पाएपछि अब स्वदेशमै ब्यापार गर्ने सोच रहेको तालिमका सहभागीहरुको भनाई रहेको थियो ।तालिमको समापनशत्रमा यस परियोजनाका अनुगमन तथा मुल्याँकनअधिकृत धर्मानन्द ठाकुरले सहभागीहरुले सिकेकाबिषय वस्तुहरुलाई राम्ररी सदुपयोग गर्न सुझावदिदै युवाहरुले सो तालिम सफलताका साथप्राप्त गरेको जानकारी उद्दमशिल अधिकृत रघुविर रायले बताए । सो कार्यक्रम परियोजना व्यवस्थापक राजेश राईको अध्यक्षतामा सम्पन्न भएको हो ।

# जनकपुरधाममा आज भूमि फोक फेस्ट




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाममा आज शुक्रवार भूमि फोक फेस्ट नामक साँगितिक कार्यक्रम हुने भएको छ ।

भूमि मिडिया प्रा.लि.को आयोजनामा आज शुक्रबार जनकपुरधामको तिरहुतिया गाछीमा आयोजना गरिएको सो लोक महोत्सवमा भोजपुरी सिने जगतकी दिग्गज कलाकार कल्पना पटवारी आउने भएकी छन् ।

भोजपुरी गायनमा वरिष्ठ गायकको दर्जा पाएकी चर्चित एवम् प्रसिद्ध गायिका कल्पना पटवारीको प्रस्तुति हुने भएपछि हजारौँको सँख्यामा भीड ओर्लने आयोजकले विश्वास लिएको हो । भूमि फोक फेष्टमा कल्पना पटवारीसहित दिग्गज गायक मानिएका जनकपुरका ललित कामत, शिवानी भगत, देव अहिराव, नेपाली मोडेलहरु, सिने जगतका कलाकारहरुलगायत दर्जन बढी चर्चित कलाकारहरुले प्रस्तुति दिने भएको छ । कार्यक्रममा माटोपानीसँग जोडिएको साँस्कृति कार्यक्रम हुनेछ । कार्यक्रम दिउँसो २ बजेदेखि सुरु हुने आयोजकले जनाएको छ ।

